# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

बालबालिकाहरू जन्मजात वा जन्मेपछि पनि विभिन्न रोगहरू लागेर तथा दुर्घटनामा परेर बहिरा हुन सक्छन् । आंशिक रूपबाट वा पूर्ण रूपमा श्रवणीय असक्षमता नै बहिरोपना हो । आंशिक रूपमा ठूलो आवाजलाई सुन्नसक्ने अवस्थालाई सुस्त श्रवण र पूर्ण रूपमा सुन्न नसक्ने अवस्थाका मानिसहरूलाई बहिरा भनिन्छ । केही बच्चाहरू पूरै बहिरा हुन्छन् र तिनीहरू पटक्कै सुन्दैनन् । धेरैजसो बच्चाहरू चाँही केही हदसम्म मात्र बहिरा हुन्छन् र ठुलो आवाजलाई मात्र सुन्न सक्छन् र यस्ता बच्चाहरूलाई सुस्त श्रवण बालबालिका भनिन्छ । कान कम सुन्ने समस्या भएका बालबालिकाहरू प्राय ढिलो बोल्न सुरु गर्छन् । उनीहरूको बोली अस्पष्ट र नाके स्वरको हुन्छ । जन्मजात बहिरा बालबालिकाहरूमा बोलीको विकास हुँदैन र उनीहरूमा लाटोपना पनि हुन्छ । बालबालिकाहरू जन्मजात बहिरो हुने कारणहरूमा वंशाणुगत बहिरोपन, गर्भवती महिलालाई जर्मन दादुरा हुनाले, गर्भवती महिलाले प्रयोग गरेको औषधिको Side effect ले, बच्चा जन्माउँदा उपयुक्त चिकित्सा सहयोग नपाउनाले वा बच्चा जन्मन गाह्रो हुनाले, महिना पूरा नपुगी बच्चा जन्मनाले आदि हुन् । बच्चा जन्मीसकेपछि पनि विभिन्न संक्रामक रोगहरू जस्तै मेनिन्जाइटिस, टाइफाइड आदि रोग लागेर, स्ट्रेप्टोमायसिन औषधिको प्रयोगले तथा ध्वनि प्रदुषणसमेतको कारणले. बालबालिकाहरू बहिरा वा कम सुन्ने हुन सक्छन् (बर्नर, २०४९) ।

मानिसको श्रवण क्षमतालाई डेसिबल एकाइमा नापिन्छ । व्यक्तिको श्रवण क्षमताको तहलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

तालिका १ : मानिसको श्रवण क्षमताको तह

| | |
|---|---|
| ०–३० डेसिबल | सामान्य |
| ३१–४५ डेसिबल | साधारण |
| ४६–६५ डेसिबल | सुस्त श्रवण |
| ६६–८० डेसिबल | सामान्य बहिरो |
| ८० डेसिवल भन्दा माथि | गम्भीर बहिरो |

*स्रोत : शर्मा, २०६१*

माथिको तालिकाबाट ८० डेसिवलभन्दा माथिको आवाज सुन्न नसक्ने व्यक्ति पूर्ण र गम्भिीर बहिरो मानिन्छ । यसका साथै डाक्टरहरूले दुई किसिमको बहिरोपनाको चर्चा गरेका छन् । जस्तै बाह्य बहिरोपना (Conductive deafness) र आन्तरिक बहिरोपना Sensorineural deafness) । बाह्य बहिरोपनामा भित्री श्रावणिक स्नायुहरूमा बाहिरबाट

अवरोध सृजना भएको हुन्छ भने भित्री बहिरोपनामा श्रवणीय कोष तथा स्नायुहरू नै खराब भएका हुन्छन् (शर्मा, २०६१) । यसरी बाह्यभन्दा भित्री बहिरोपना बढी जटिल देखिन्छ । बहिरोपनाका उक्त दुवै स्थिति एकै व्यक्तिमा पनि देखिन सक्छन् । जेहोस् श्रवणीय असक्षमताकै कारण अर्थात बहिरोपनाका कारणले बहिराहरूले सांकेतिक भाषाको प्रयोग गर्छन् ।

धेरैजसो बहिरा केटाकेटीहरू सामान्य बच्चाहरू जस्तै बुद्धिमान हुन सक्छन् । तर उनीहरूको मानसिक विकास सामान्य रूपमा हुन पाओस् भनेर सानै उमेरदेखि उनीहरूलाई सञ्चारका विभिन्न माध्यमहरूद्वारा विचार तथा जानकारीहरूको आदानप्रदान गर्न सिकाउनु पर्ने हुन्छ । केही दशक अगाडिसम्म नेपालमा बहिराहरूका निम्ति प्रभावकारी भाषाको विकास हुन नसकेको कारणले बहिराहरूको चेतनामा धेरै कमी देखिएको थियो । तर वर्तमान समयमा नेपालका केही शिक्षित तथा चेतनशील बहिराहरू र भाषाविज्ञहरूको पहलमा सांकेतिक भाषाको विकासक्रम अगाडि बढीरहेको छ । यसरी सांकेतिक भाषाको माध्यमले बहिरा बालबालिकाहरूलाई शिक्षा दिन विशेष शिक्षा कार्यक्रम मार्फत २०५० सालदेखि विशेष शिक्षा एकाइद्वारा देशका २३ वटा जिल्लाहरूमा बहिरा तथा सुस्त श्रवण स्रोत कक्षाहरू सञ्चालन गरिएका छन् (काफ्ले तथा अन्य, २०६५) ।

बहिरा तथा सुस्त श्रवणहरूले प्रयोग गर्ने भाषालाई सांकेतिक भाषा भनिन्छ । बहिराहरूसँग भाषिक सम्प्रेषण गर्नको लागि बोली-भाषी समुदायले समेत सांकेतिक भाषाको प्रयोग गर्नुपर्छ । श्रावणिक (Auditory) र औपचारिक (Acoustic) अवयवको निष्कृयताको कारक तत्व बहिरोपना भएकाले बहिराहरूले सांकेतिक भाषालाई आफ्नो प्रथम भाषाका रूपमा प्रयोग गर्दछन् । आधुनिक भाषाविज्ञानका जनक Ferdinand de Saussure ले भाषालाई विचारहरूको सांकेतिक अभिव्यक्तिको व्यवस्था मानेर भाषालाई संकेत व्यवस्थाका रूपमा हेरे । भाषालाई संकेत व्यवस्था मानिसकेपछि ध्वनिविम्व (Sound Image) लाई मात्र नहेरी संकेत विम्व (Sign Image)को अध्ययनलाई समेत भाषिक अध्ययनमा जोडदिनु पर्दछ । ध्वनि विम्वबाट मात्र नभएर संकेतबाट पनि कुनै वस्तु, विचार आदिलाई सांकेतिक रूपमा प्रेषण गर्न सकिन्छ । बहिराहरूले प्रयोग गर्ने सांकेतिक भाषा संरचनात्मक सार्वभौम अर्थात जताततै एउटै संकेत रूपको प्रयोग गरिने भाषा नभएर बोली भाषा जस्तै प्रत्येक देशमा फरक-फरक किसिमको देखिने भाषा हो । त्यसैले विशिष्ट संकेत प्रतीकद्वारा निर्मित व्यवस्थित भाषाका रूपमा सांकेतिक भाषालाई हेर्न सकिन्छ । कथ्य भाषाका तत्त्वमा ध्वनि उच्चारणसँग सम्बन्धित ध्वनि अवयव पर्दछन । त्यस्तै सांकेतिक भाषामा पनि संकेतीकरणका क्रममा संलग्न शारीरिक अवयव पर्दछन् र त्यसमा पनि हातको सक्रियताले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । हात, हातको औंला, पाखुरा आदिको संयुक्त चालबाट संकेत निर्माण गरिन्छ । कथ्य भाषामा जसरी सबै किसिमका ध्वनिलाई भाषा भन्न सकिदैन त्यसरी नै सांकेतिक भाषामा पनि सबै किसिमका संकेत तथा हाउभाऊलाई भाषा भनिदैन । जेहोस् सांकेतिक भाषा हातको चाल, हातको स्थिति, हातको स्थानकरणबाट अभिव्यक्त

विशिष्ट किसिमको बहिराहरूको भाषा हो । नेपालमा केही दशक अगाडिबाट केही अनुभवी, शिक्षत तथा चेतनशील बहिराहरू र भाषाविद्हरूको पहलमा सांकेतिक भाषा विकासको क्रम अगाडि बढीरहेको छ । नेपाली सांकेतिक भाषा शब्दकोष भाग : ४ पुस्तक पनि प्रकाशित भइसकेको छ । वर्तमान अवस्थामा सांकेतिक भाषाको माध्यमबाट नेपालमा केही बहिराहरूको शिक्षा-दीक्षामा टेवा पुगिरहेको छ । तर सांकेतिक भाषामा दक्षता भएका शिक्षहरूको अभावमा बहिरा बालकहरूको शिक्षा प्रणाली अझ प्रभावकारी बन्न सकेको छैन ।

नेपालमा अपाङ्ग व्यक्तिहरूमध्ये सर्वाधिक जनसंख्या शारीरिक अपाङ्ग र बहिराहरूको रहेको विभिन्न अध्ययनहरूले देखाएका छन् । विश्व स्वास्थ्य संगठन (W.H.O.) द्वारा सन् १९९३ मा प्रकाशित विवरण अनुसार नेपालको कुल जनसंख्याको १0% अपाङ्ग जनसंख्या रहेको छ । Impact Nepal द्वारा प्रकाशित सूचनाको आधारमा कुल जनसंख्यामा १३.१% अपाङ्गहरू रहेको देखिन्छ (शर्मा, २०६१) । सन् १९९१ मा ब्रिटेन-नेपाल अटोलोजी संस्थाले नेपालमा बहिरा तथा सुस्त श्रवणको संख्या कुल जनसंख्याको १६.१% रहेको देखाएको छ । नेपालको राष्ट्रिय जनगणना २०५८ अनुसार अपाङ्गहरूको विभिन्न अवस्थाको संस्थागत विवरण देहाय अनुसार रहेको छ :

तालिका २ : अपाङ्गहरूको विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शारीरिक अपाङ्ग | ४०,७९८ | ३९.३० |
| २ | दृष्टिविहीन | १६,५२६ | १५.९२ |
| ३ | बहिरा तथा सुस्त श्रवण | २५,५४० | २४.७० |
| ४ | मानसिक असन्तुलन | १३,१७१ | १२.६८ |
| ५ | विविध | ७,७६० | ०७.४० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०५८*

राष्ट्रिय जनगणनामा आधारित माथिको तालिकाबाट शारीरिक अपाङ्ग पछाडि बहिरा तथा सुस्तश्रवणको सर्वाधिक संख्या रहेको तथ्य पुष्टी हुन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ भाग (३) मा राज्यले नागरिकहरूका बिचमा धर्म, वर्ग, लिङ्ग, जातजाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन तर महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक रूपले असक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने भनेको छ । त्यस्तै राज्यले अनाथ बालबालिका, अपाङ्ग र असक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्वन गर्ने छ भनिएको छ (काफ्ले, ढकाल, अधिकारी,

२०६५) । त्यस्तै मुलुकी ऐन (२०२०), शिक्षा ऐन (२०२८), सामाजिक सेवा ऐन (२०३४), अपाङ्ग संरक्षण तथा कल्याण ऐन (२०३९), समाज कल्याण ऐन (२०४९), अपाङ्ग संरक्षण तथा कल्याण नियमावली (२०५१), विशेष शिक्षा राष्ट्रिय नीति (२०५३), राष्ट्रिय अपाङ्ग नीति (२०५३), स्थानीय स्वायत्त शासन ऐन (२०५५), राष्ट्रिय अपाङ्ग नीति तथा कार्ययोजना (२०६०), नेपालको अन्तरिम संविधान (२०६३) आदिद्वारा बहिरा लगायतका अपाङ्गता भएका व्यक्तिहरूको विविध अधिकारलाई सुनिश्चित गर्ने कानुनी तथा संवैधानिक प्रयासहरू भएका छन् । व्यावहारिक रूपमा उक्त ऐन कानुनहरूले अपाङ्ग व्यक्तिहरूलाई के कति संरक्षण र विकासका लागि सहयोग पुऱ्याएका छन् र कार्यान्वयनको पक्षमा के कस्ता बाधा अड्चनहरू छन् भन्ने विषयमा छलफल, अन्तरक्रिया गरी त्यस्ता अवरोधहरू हटाउन सरोकारवाला सबैको सहयोग आवश्यक छ ।

नेपालमा बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूमध्ये केही जन्मजात, केही दुर्घटनामा परेर तथा केही संक्रामक रोग लागेर अपाङ्ग भएका छन् । जन्मजात बहिरा बालबालिकाहरू बोल्न पनि सक्दैनन् जसले गर्दा उनीहरू आफ्ना रुचि र इच्छाअनुसार सबै कार्यहरू पूरा गर्न सक्दैनन् । त्यसैले बहिरा बालबालिकाहरूलाई शिक्षा प्रदान गर्नेदेखि लिएर सीपमूलक र व्यावसायिक तालिम दिएर आत्मनिर्भर बनाउन जिम्मेवार पक्षले पहल गर्नुपर्दछ । यसै सन्दर्भमा नेपाल अधिराज्यको संविधान २०४७ ले राज्यले अनाथ, अपाङ्ग, बालबालिका र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनिएको छ । संविधानको उक्त मर्म र भावनालाई व्यवहारमा लागु गर्न २०५० सालमा विशेष शिक्षा एकाइद्वारा अधिराज्यका २३ जिल्लामा विशेष शिक्षा प्रदान गर्न सुरु गरी हाल ७१ जिल्लामा यो सेवालाई विस्तार गरिएको छ ।

२०२३ सालदेखि वीर अस्पतालको सानो कोठाबाट सुरु भई नेपाल बाल संगठनको संरक्षणमा बाल मन्दिरकै हाताभित्र 'बहिरा बालबालिकाको विद्यालय' नामक संस्थामा नियमित पठन-पाठन सुरु भएको थियो । हाल शिक्षा विभाग समाहित शिक्षा शाखा अन्तर्गत ७१ जिल्लाका १४७ वटा स्रोत कक्षा मार्फत करिब ११७० जना बहिरा विद्यार्थीहरू अध्ययनरत छन् । हालसम्म एस.एल.सी. उत्तीर्ण गरी उच्च शिक्षा प्राप्त गर्ने बहिराहरूको संख्या ५० जना पनि नपुगेको अवस्था छ । (सांकेतिक भाषा दोभाषे केन्द्र स्मारिका, २०६३) । बहिरा बालबालिकाहरूका लागि आपाङ्गताको किसिम तथा अन्य आर्थिक सामाजिक पक्षका आधारमा क, ख, ग, घ वर्गमा विभाजन गरी क्रमश रु. १०००।-, रु. ५००।-, रु. २००।- र रु. ५०।- प्रति महिनाका दरले शिक्षा विभागबाट दस महिनाको हिसाबले छात्रवृत्ति प्रदान गरिदै आएको छ (विशेष शिक्षा निर्देशिका, शिक्षा विभाग, २०६५) ।

यसै सन्दर्भमा झापा जिल्लाका ६ वटा सामुदायिक विद्यालयहरूमा बहिरा तथा सुस्त श्रवणतर्फका स्रोत कक्षाहरूमा अध्ययनरत विद्यार्थीहरूले हालसम्म गरेको शैक्षिक

उपलब्धि तथा उनीहरूको सामाजिकीकरणमा विशेष शिक्षाले के कस्तो योगदान पुऱ्याउन सकेको छ भन्ने कुरालाई मूल विषयको रूपमा लिएर यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

बहिराहरू विगतमा प्रभावकारी सञ्चारको अभावमा मानवीय विकासमा धेरै पछाडि परेका थिए । सञ्चार बिना विकास वा प्रगति र प्राप्ती सम्भव हुँदैन । विगत २५ वर्षदेखि क्रमश सांकेतिक भाषाको विकास हुँदै आएपछि तथा २०५० साल देखि विशेष शिक्षा एकाइबाट झापा लगायतका अधिराज्यका २३ वटा जिल्लाहरूमा बहिरा तथा सुस्त श्रवण भएका बालबालिकाहरूलाई सांकेतिक भाषाको माध्यमले शिक्षा प्रदान गरिदै आएको भएता पनि देशभरिका विद्यालय उमेरका सबै बहिरा बालबालिकाहरूलाई शिक्षाको पहुँच सुनिश्चित हुन सकेको छैन । बहिरोपना लगायतको अपाङ्गताको समस्याले मानवीय जीवनलाई कष्टकर बनाइरहेको हुन्छ । बहिराहरू आफ्ना दैनिक कार्य सामान्य (Normal) मानिस सरह गर्न असमर्थ हुन्छन । शिक्षाको माध्यबाट उनीहरूको दक्षता, क्षमताअनुरूप सीप र ज्ञान प्रदान गरेर सामान्य मानिस सरह जीवनयापन गर्न सहयोग पुऱ्याउन सकिन्छ । बहिराहरूको संख्या र उनीहरूको अवस्था पहिचान गरी बहिरोपन निवारण सम्बन्धी जनचेतना जगाउन र सम्बन्धित निकायहरूबाट बहिराहरूको शिक्षा-दीक्षा तथा उनीहरूको हितका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्न तथा यससँग सम्बन्धित क्षेत्रको वास्तविकता र समस्यालाई प्रष्ट पार्नका लागि यो अध्ययन गर्न आवश्यक छ ।

बहिरा बालबालिकाहरूलाई पिछडिएको समाजमा लाटा-लाटी, असक्षम, केही गर्न नसक्ने, पूर्वजुनीको फल भनेर भाग्यलाई दोष दिएर दयाको पात्र बनाएर स्वयं अभिभावकहरूले समेत शिक्षाको पहुँचभित्र संलग्न गराउन सकेका छैनन् । समाज र राज्यले पनि सबै बहिरा बालबालिकाहरूलाई शिक्षामा सहज पहुँचको वातावरण सृजना गर्न सकेका छैनन् । यस्तो अवस्थामा झापा जिल्लामा सञ्चालित बहिरा तथा सुस्त श्रवणतर्फका स्रोत कक्षाहरूमा हाल अध्ययनरत विद्यार्थीहरूको विषयगत रूपमा सिकाइ उपलब्धिस्तर कस्तो छ ? उनीहरूको व्यवहारमा के कस्ता परिवर्तनहरू भइरहेका छन् ? भन्ने विषयलाई समस्याको रूपमा उठान गरी त्यसका समाधानका उपाएहरू प्राप्त गर्ने प्रयत्न गरिएको छ । त्यसैगरी २०५० सालबाट सञ्चालन गरिएका बहिरा तथा सुस्त श्रवण स्रोत कक्षाहरूमा के कसरी शिक्षण-सिकाइ क्रियाकलाहरू सञ्चालन भइरहेको छ र विद्यालयको अध्ययन पूरा गरी विद्यालय छोडेका बहिरा बालबालिकाहरूको सामाजिक समायोजनमा विशेष शिक्षा कार्यक्रमले के कति योगदान पुऱ्याउन सक्यो भन्ने जिज्ञासाबाट यस समस्याको उठान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षामा बहिरा लगायतका सबै अपाङ्गहरूको पहुँच पुऱ्याउन विशेष शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ । विशेष शिक्षा कार्यक्रमको प्रभावकारिताको अध्ययन समय-समयमा

गरी त्यसबाट प्राप्त सुधारात्मक सुझावहरूको कार्यान्वयन गरिनु आवश्यक छ । विशेष शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन र यसको कार्यान्वयनमा देखिएका समस्याहरूको बेलैमा समाधान गरी बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूलाई उपयुक्त शिक्षा प्रदान गर्ने व्यवस्था गर्न यस अध्ययनबाट थप सहयोग पुग्नेछ भन्ने विश्वास गरिएको छ ।

बहिरा तथा श्रवण शक्ति कम भएका बच्चाहरूले अरुले बोलेको सुन्न सक्दैनन् जसले गर्दा उनीहरूको बोलीको विकास हुन धेरै कठिन हुन्छ । श्रवण शक्तिले वाक शक्तिलाई प्रस्फुटन गराउने हुनाले समाज तथा परिवारले 'लाटो' ठानेका बालकहरूको कानको परीक्षण गर्ने हो भने उनीहरूको श्रवण शक्ति नभएको वा कम भएको पाउन सकिन्छ । त्यसैले विशेष शिक्षा कार्यक्रमले बहिरा तथा सुस्त श्रवण भएका बच्चाहरूलाई के कस्तो सहयोग पुगेको छ र उनीहरूको सिकाइको अवस्था कस्तो छ ? भन्ने विषयमा अध्ययन गर्न आवश्यक देखिएकाले यो अध्ययन गरिएको हो ।

अपाङ्गताको कारण र असर थाहा पाउन, अपाङ्गता र विषेश गरी बहिरोपनबाट बच्न जनचेतना अभिवृद्धि गर्न यो अध्ययन उपयोगी हुने छ । यसै गरी उपयुक्त शैक्षिक योजना निर्माण गर्न, विद्यालयलाई विभिन्न सेवा, सुविधाहरू वृद्धि गर्न, बहिरा बच्चाका अभिभावकहरूको मनोबल वृद्धि गर्न साथै बहिरा तथा सुस्त श्रवण बच्चाहरूलाई उपयुक्त सेवा, सुविधा र शैक्षिक अवसर प्रदान गरी आत्मनिर्भर बनाउन यो अध्ययन उपयोगी हुने अपेक्षा राखिएको छ । विभिन्न बहिरा संघसंस्थाका साथै शिक्षाविद्, योजनाकार, शिक्षक, निर्णयकर्ता, सम्बद्ध सरोकारवाला तथा आपाङ्ग बालबालिका सम्बन्धी चासो राख्ने जो सुकैलाई यो अध्ययन उपयोगी हुन सक्नेछ ।

## १.४ अध्ययनको उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

१. बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूको कक्षागत तथा विषयगत सिकाइ उपलब्धि पत्ता लगाउने ।

२. विषयगत सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वको पहिचान गर्ने ।

३. विद्यालय छोडेका बहिरा बाल-बालिकाको सामाजिकीकरणको स्थितिको लेखाजोखा गर्ने ।

४. बहिरा विद्यार्थीहरूका शिक्षण-सिकाइमा देखिएका समस्या पहिल्याउने तथा समाधानका लागि सुझाव दिने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययन कार्यलाई पूरा गर्न निम्नअनुसारका अनुसन्धानात्माक प्रश्नहरू रहेका छन् :

१. बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूले विषयगत विशिष्ट उद्देश्यहरू हासिल गर्न सकेका छन् ?

२. बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरुको सिकाइ उपलब्धिप्रति सरोकारलवालाको धारणा कस्तो छ ?

३. कुन विषयमा विद्यार्थीहरूको शैक्षिकस्तर कमजोर छ र किन ?

४. विषयगत रूपमा शैक्षिकस्तर कमजोर हुने कारक तत्वहरू के के हुन् ?

५. साक्षर भएर विद्यालय छोडेका बहिरा बालबालिकाहरूको सामाजिक जीवन कस्तो छ ?

६. बहिरा विद्यार्थीहरूको सिकाइ वातावरणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?

७. शैक्षिक उपलब्धि वृद्धि गर्न कस्ता सुझाव दिन सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन कार्य निश्चित उद्देश्य प्राप्त गर्नका लागि गरिने हुनाले यसलाई सीमित साधन र स्रोतबीच सञ्चालन गर्नुपर्ने हुँदा झापा जिल्ला अन्तर्गत सञ्चालित ६ वटा बहिरा तथा सुस्त श्रवण स्रोत कक्षाहरूमध्ये तीनवटा विद्यालयमा यो अध्ययनलाई सिमित गरिएको थियो । तीनवटा सामुदायिक विद्यालयका स्रोत कक्षाहरूमा अध्ययनरत बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूको सिकाइ उपलब्धिसँग यस अध्ययनलाई केन्द्रित गरिएको छ । साथै स्रोत कक्षाहरूको शैक्षिक स्थिति, उपलब्ध शैक्षिक अवसरहरू, शिक्षण सिकाइका समस्याहरू तथा समाधानका उपायहरू पत्ता लगाउन यस अध्ययनलाई सिमित गरिएको छ ।

## १.७ सम्बन्धित शब्दावलीको परिभाषा

बहिरा : जन्मजात वा जन्मेपछि पनि विभिन्न रोगहरू लागिर कान नसुन्ने र प्रष्ट बोल्न नसक्ने व्यक्ति ।

सुस्त श्रवण : कम मात्रामा कान सुन्ने र बोल्ने व्यक्ति ।

स्रोत कक्षा : बहिरालगायतका अपाङ्ग बालबालिकाको शिक्षण सिकाइलाई व्यवस्थित गरिएका कक्षाहरू ।

स्रोत शिक्षक : बहिरा बालबालिकाहरूलाई शिक्षण गर्ने तालिम प्राप्त शिक्षक ।

सांकेतिक भाषा : बहिरा तथा सुस्त श्रवण भएका बाल-बालिकाहरूलाई शिक्षण गर्न प्रयोग गरिने भाषा ।

आया : बहिरा बालबालिकाहरूको हेरचाह गर्ने सहयोगी कार्यकर्ता ।

विशेष विद्यालय : अपाङ्गताको किसिम अनुसार अपाङ्गहरूलाई मात्र शिक्षण गर्ने विद्यालय ।

लेखाजोखा केन्द्र : जिल्लामा रहेका विशेष शिक्षातर्फका स्रोत कक्षाहरूको सञ्चालन, रेखदेख र समन्वय गर्ने केन्द्र ।

एकिकृत विद्यालय : हल्का एवं मध्यम सुस्त मनस्थिति तथा सुस्त श्रवण भएका अपाङ्ग र दृष्टिविहीन अपाङ्गहरूलाई साधारण विद्यालयमा नै राखेर स्रोत कक्षा तथा आवश्यक सामग्रीको व्यवस्था गरी विशेष शिक्षा सम्बन्धी तालिम लिएका शिक्षकमार्फत शिक्षण गर्ने विद्यालयलाई एकिकृत विद्यालय भनिन्छ ।

समाहित शिक्षा : समाहित शिक्षा सबैका लागि शिक्षा कार्यक्रमको नयाँ अवधारणा हो । यस अवधारणाअनुसारा नियमित रूपमा सञ्चालन भइरहेका विद्यालयहरूमा विना भेदभाव सबै किसिमका बालबालिकाहरूलाई शिक्षा हासील गर्न आह्वान गर्नु हो ।

# परिच्छेद : दुई

# सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सम्बन्धित साहित्यको पुनरावलावेकन

यस अनुसन्धानको विषयवस्तुसँग सान्दर्भिक वा मिल्ने पूर्व साहित्यिक कृतिहरूमध्ये दुईवटा शोधपत्रहरू, दुईवटा पुस्तकहरू, चारवटा पत्रपत्रिकाहरू (Journals), दुईवटा स्मारिकामा छापिएका लेखहरू (Articles) तथा तीनवटा विशेष शिक्षा र बहिरा लगायतका अपाङ्गतासँग सम्बन्धित ऐन, नियम र प्रतिवेदनहरू गरी जम्मा १३ वटा सम्बन्धित साहित्यको अध्ययन गरी तिनीहरूले दिएका मुख्य विषयवस्तु, निष्कर्ष र सुझावहरूलाई देहाय अनुसार उल्लेख गरिएको छ ।

बहिरा आवाज (२०५७ : ३) का अनुसार आज करिव १५०० शब्दहरूको नेपाली सांकेतिक भाषाको विधिवत निर्माण भई प्रयोगमा रहेको छ । शब्दहरूको सांकेतिक विकासले बहिराहरूको सञ्चारलाई सशक्त बनाएको छ जुन हातको इसाराबाट गरिन्छ । अब सांकेतिक भाषा बहिराहरूको मौलिक भाषा हो जुन अन्य बोलिचालीको भाषा जस्तै हो । सांकेतिक भाषाको लिपि भनेको प्रचलित नेपाली देवनागरी नै हो (बहिरा आवाज २०५७ : ३) ।

बर्नर (२०४९) का अनुसार धेरैजसो बहिरा केटाकेटीहरू सामान्य बच्चाहरू जस्तै बुद्धिमान् हुन्छन् । तर उनीहरूको मानसिक विकास सामान्य रूपमा हुन सकोस् भनेर सानै उमेरदेखि उनीहरूलाई उपयुक्त सञ्चारका विभिन्न माध्यहरूद्वारा विचार र जानकारीको आदान-प्रदान गर्न सिकाउनु पर्दछ (बर्नर, २०४९) ।

काफ्ले, ढकाल र अधिकारी, (२०६५) का अनुसार समाहित शिक्षा वा सबैका लागि विद्यालय एउटा नयाँ अवधारणा हो । यस अवधारणाअनुसार नियमित विद्यालयहरूमा विना भेदभाव सबै बालबालिकाहरूलाई पायक पर्ने विद्यालयमा उपयुक्त र आवश्यक शैक्षिक वातावरण सृजना गर्ने शिक्षाको अवसर एवं गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यक्रम भन्ने बुझिन्छ । यो कार्यक्रम विद्यालयका बालबालिका, अभिभावक, व्यवस्थापन समिति, जिल्ला शिक्षा कार्यालय, शिक्षक वर्ग, सामाजिक कार्यकर्ता एवं संघसंस्था आदि सबैको सकारात्मक सोचाइ, सक्रिय सहभागितामा सामुहिक रूपमा सञ्चालन गर्ने गरिन्छ (काफ्ले, ढकाल र अधिकारी, २०६५) ।

इशारा आवाज (२०५५ : ९) मा उल्लेख भएअनुसार बहिराहरूलाई लाटा भन्न मिल्दैन । बहिराहरूले सानैदेखि शब्दहरू सुन्न नसकेकोले मात्र बोल्न नसकेका हुन् । उनीहरूले सांकेतिक भाषाबाट सबै कुरा बुझ्न सक्छन् र उपयुक्त वातावरण, सीपमूलक तालिम, रोजगारीको अवसर पाएमा उनीहरूले सुन्ने व्यक्ति सरह वा सोभन्दा बढी पनि राम्रो प्रतिभा, पौरख देखाउन सक्छन् । आफ्ना बहिरा छोरा-छोरीसँग कुरा गर्नका लागि

अभिभावकहरूले पनि अनिवार्य रूपमा नेपाली सांकेतिक भाषा सिक्नु पर्छ (इशारा आवाज २०५५ : ९) ।

NADH News letter, (1998) मा उल्लेख भएअनुसार बहिराहरूको विकासका लागि सर्वप्रथम सांकेतिक सञ्चारको विकास हुन आवश्यक छ । बहिराहरूलाई विभिन्न सीपमूलक कामहरू सिकाउनु पर्छ । जस्तै शिक्षित बहिराहरूलाई कम्प्युटर सम्बन्धी तालिम दिन आवश्यक छ भने ग्रामीण बहिराहरूलाई सांकेतिक भाषाको ज्ञान तथा व्यावसायिक तालिम र उपयुक्त पेशाको अवसर दिन सकेमा उनीहरू पनि समाजमा सक्रिय जीवन बिताउन सक्छन् र उनीहरूको भविष्य पनि उज्ज्वल हुन्छ साथै घर तथा समाजका लागि बोझ बन्दैनन् (NADH News, letter, 1998)।

शर्मा (२०६१) का अनुसार 'नेपाली सांकेतिक भाषाको उद्भव, विकास र स्वरूप' नामक यस कृतिमा विश्वमा सांकेतिक भाषाको विकास कहाँबाट र कसरी भएको रहेछ भन्ने सन्दर्भमा यथेष्ट प्रकाश पारिएको छ । वर्तमानसम्म आउँदा युरोपेली र अमेरिकाली सांकेतिक भाषाका क्षेत्रमा प्रशस्त कार्यहरू भइसकेका छन् । बहिरा लगायत अन्य सबै प्रकारका अपाङ्गहरूलाई शिक्षा, स्वास्थ, रोजगार, तालिम आदिको प्रशस्त व्यवस्थाका साथै विकसित देशहरूमा यिनीहरूलाई हेर्ने दृष्टिकोणमा पनि निकै सकारात्मकता पाउन सक्छौं । हाम्रो देशमा भने अधिकांश साङ्ग समुदायलेनै बढी उपहास गर्ने र उनीहरूको भावना र विचार माथि कुल्चने प्रवृत्तिले जरा गाडेको हुनाले कसरी स्वस्थ सामाजिक विकास हुन सक्ला र भन्ने आशंका पैदा हुन्छ र यो बढी चिन्ताको विषय पनि बनेको छ । हेलेन केलर दृष्टि विहीन तथा श्रवण विहीन भएर पनि उनको प्रतिभाले गर्दा उनी संसार प्रसीद्ध बनिन् । त्यस्तै अलेक्जेन्डर ग्रामवेल बहिरा भएर पनि टेलिफोनका आविष्कारकका रूपमा विश्व प्रसीद्ध बने । शारीरिक रूपबाट अपाङ्ग भएर पनि आफ्नो क्षमतालाई आविष्कार, अनुसंन्धान, कला आदि क्षेत्रमा रूपान्तरित गरेका व्यक्तित्वको सूची बनाउँदै जाने हो भने निकै लामो सूची बन्न सक्छ (शर्मा, २०६१) ।

अपाङ्ग आवाज (२०५९) मा उल्लेख भएअनुसार बहिरा लगायत अपाङ्ग व्यक्तिहरूको विकासका लागि ठूलो समस्या विद्यमान समाजमा देखिएको छ । त्यो समाजका लागि एउटा बुझाइको समस्या मात्र हो । भइरहेका स्रोत र साधनहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समस्यालाई समावेश गर्न सके ५०% अपाङ्गता भएका व्यक्तिहरूको समस्यालाई हल गर्न सकिन्छ । अवसर पाएमा थुप्रै अपाङ्ग बाल बालिकाहरू शिक्षाको मूलप्रवाहमा गई सफल नागरिक बन्न सक्छन् (अपाङ्ग आवाज, २०५९) ।

कनकाई स्वर्णवर्ष स्मारिका, (२०६५ : १०२) मा उल्लेख भएअनुसार बहिरा विद्यार्थीहरू नि.मा. तथा मा.वि. तहको पाठ्यक्रमले परिकल्पना गरेको ज्ञानात्मक स्तरका छैनन् । यसो हुनुको कारण सांकेतिक भाषामा शब्दको सीमितता, सांकेतिक भाषा शिक्षणमा पाठ्यक्रमको अभाव र भइरहेकै सांकेतिक भाषामा पनि विद्यार्थीको पर्याप्त अभ्यास नहुनु नै

हुन् । यसर्थ सिकारुको आवश्यकता र सिक्ने क्षमताको दृष्टिकोणले हेर्दा विद्यमान नि.मा. र माध्यमिक तहको पाठ्यक्रम बहिराहरूका लागि बोझिलो र थेग्न नसक्ने देखिएको छ । लक्षित समूहको क्षमता तथा बुता बाहिरको बोझ लाद्न खोज्नु पाठ्यक्रम विकासको सिद्धान्तभित्र पर्दैन । त्यसैले दश हजारको हाराहारीमा शब्दज्ञान भएका कान सुन्ने विद्यार्थी र दुई सयदेखि पाँच सयसम्म मात्र शब्द ज्ञान भएका बहिरा विद्यार्थीहरूलाई समानस्तरको पाठ्यक्रम लागु गर्नु व्यावहारिक देखिदैन । समाहित शिक्षाका नाममा विदेशीहरूको नक्कल गर्न खोज्दा सुविधासम्पन्न वैदेशिक शिक्षा र सुविधा विहीन नेपाली शिक्षाको नतिजा कदापि एउटै आउन सक्दैन । अतः बहिरा विद्यार्थीका लागि उनीहरूकै बौद्धिक स्तर र भाषिक क्षमता अनुकुलको पाठ्यक्रम तत्काल लागु गर्नु बाञ्छनीय देखिन्छ (कनकाई स्वर्णवर्ष स्मारिका, २०६५:१०२) ।

सृजना (२०६२) मा उल्लेख भएअनुसार अपाङ्गपनको समाधानका लागि परिवार र समुदायको भूमिका तथा दृष्टिकोण पनि सकारात्मका हुन जरुरी छ । अपाङ्गहरू बस्ने समाजको उक्त सानो एकाइ जति सकारात्मक भयो त्यति नै यो समस्या समाधानका लागि अनुकुलता पैदा हुन्छ र स्वयं अपाङ्गहरूलाई आत्म विश्वासयुक्त, दृढ र सकारात्मक बनाउन योगदान गर्छ । यो समस्या व्यक्तिको नीति या विशुद्ध पारिवारिक समस्यामात्र नभएर सामाजिक समस्या पनि भएकाले यसको समाधानका लागि पनि त्यस्तै सामुहिक प्रयास जुटाउनु आवश्यक हुन्छ । अपाङ्गलाई हीन, बोझ या समस्या ठान्नुको साटो त्यसलाई सहज, यथार्थ मानेर त्यही प्रतिकुलताभित्र पनि अनुकुलता खोज्न सबैको ध्यान पुग्नु जरुरी छ ( सृजना, २०६२) ।

अपाङ्ग संरक्षण तथा कल्याण नियमावली (२०५१) ले अपाङ्गहरूको शिक्षा तथा तालिमका लागि व्यवस्था गरेको छ । यस नियमावलीमा अपाङ्गता निर्धारण समिति गठन गर्ने, अपाङ्गताको लागत राख्ने, परिचयपत्र प्रदान गर्ने, अपाङ्गहरूको कार्यभारमा प्राथमिकता दिनुपर्ने, आयकर छुट दिइने, अपाङ्ग सेवा कोषको व्यवस्था गर्ने जस्ता कुराहरूमा जोड दिइएको छ । यसका अतिरिक्त यस नियमावलीमा निम्न कुराहरू उल्लेख गरिएका छन् :

१. कुनै गैर सरकारी वा निजिस्तरमा सञ्चालित संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२. शिक्षा मन्त्रालयले अपाङ्गका लागि बढीमा दुई जना सन्ततीलाई कुनै निश्चितस्तरसम्मको निःशुल्क शिक्षाको व्यवस्था गर्नेछ ।

३. शिक्षा मन्त्रालयले अपाङ्गको प्रकृति र प्रकारअनुसार शिक्षा दिनका लागि नेपाल अधिराज्यभित्र आवश्यक संस्थामा विशेष शिक्षा दिने विद्यालयको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

४. उपनियम (३) बमोजिम स्थापना भएका विद्यालयको सञ्चालन र त्यस्ता विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक सेवा, सर्त तथा सुविधा शिक्षा नियमावली २०४९ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका कुनै संगठित संस्थाले प्रदान गर्ने प्रविधि तथा व्यावसायिक तालिम अपाङ्गहरूका लागि उपयोगी हुने भएमा त्यस्ता तालिममा उनीहरूका लागि पाँच प्रतिशत स्थान सुरक्षित गरिनेछ । यस किसिमको तालिममा अपाङ्गहरूसँग कुनै किसिमको शुल्क लिइने छैन् (अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१) ।

विशेष शिक्षा नीति (२०५३) यस नीतिमा अपाङ्गहरूलाई पनि राष्ट्रिय मूलधारमा समाहित गर्न माध्यमिक तह सम्म एकीकृत तथा विशेष शिक्षा निःशुल्क रूपमा उपलब्ध गराउने तथा आवश्यक सहयोगी सामग्री, शिक्षण तथा पाठ्य सामग्री, खेल कुद र सांस्कृतिक कार्यक्रम, आवासीय सुविधा, आवश्यक जनशक्ति तयार गर्ने जस्ता महत्त्वपूर्ण व्यवस्थाहरू गर्ने प्रतिबद्धता रहेको छ । उक्त नीति आवश्यकता अनुसार गैरसरकारी क्षेत्रसँग समन्वयमा कार्यान्वयन गर्दै जाने प्रावधान पनि रहेको छ (विशेष शिक्षा नीति, २०५३) ।

तीनवर्षीय अन्तरिम योजना (२०६४/०६५देखि २०६६/०६७) यस योजनाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धन गर्न कानुनी र संस्थागत व्यवस्थाका साथै शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रमहरू सञ्चालन गर्नका साथै उनीहरूको अधिकार सुनिश्चित गर्न निम्न प्रमुख कार्यहरू गर्ने व्यवस्था गरेको छ ।

क) अपाङ्गताको किसिम अनुसार अपाङ्ग व्यक्तिहरूको Data base तयार गर्ने ।

ख) नीति तथा कानुनमा परिमार्जन र संस्थागत प्रावधानको विकास तथा सुदृढीकरण गर्ने ।

ग) विभिन्न रोजगारमूलक तालिमको व्यवस्था गर्ने ।

घ) अपाङ्ग सशक्तीकरण तथा विकासमा प्रत्यक्ष रूपमा संलग्न संघ/संगठनहरूको क्षमता विकासका लागि सहयोग गर्ने ।

ङ) वंशाणुगत समस्या सम्बन्धी परामर्श कार्यक्रम सञ्चालन गर्ने संस्थालाई सहयोग प्रदान गर्ने ।

च) क्षेत्रीय नमुना स्रोत र सशक्तीकरण केन्द्रको व्यवस्था गर्ने तथा सम्बन्धित पुनर्स्थापना सेवामा पहुँच बढाउन समन्वय गर्ने ।

छ) विशेष खेलकुद आयोजनाका लागि राष्ट्रिय खेलकुद परिषद्लाई सहयोग प्रदान गर्ने ।

ज) अपाङ्गता भएका बालकहरूको शिक्षामा पहुँच बढाउन उनीहरूका अभिभावकहरूलाई स्रोत तथा सशक्तीकरण केन्द्रमार्फत परामर्श सेवा प्रदान गर्ने, सामाजिक उत्प्रेरकलाई

तालिम दिने र परामर्श पुस्तिका प्रकाशन गर्ने (तीन वर्षीय अन्तरिम योजना, २०६४/०६५ – २०६६/०६७)।

राष्ट्रिय शिक्षा आयोग (२०४९) ले विशेष शिक्षा सम्बन्धमा विस्तृत रूपमा उल्लेख गरी यसको सुधारका लागि विभिन्न सुझावहरू समेत दिएको पाइन्छ। यस आयोगले विशेष शिक्षाका लागि दिएका प्रमुख सुझावहरू निम्नअनुसार रहेका छन् :

१. अपाङ्गहरूको सामाजिक एकीकरण र स्वावलम्वनका लागि उपयुक्त ज्ञान र सीप प्रदान गर्ने विशेष शिक्षाको उद्देश्य हुनु पर्दछ।

२. अपाङ्गहरूको शिक्षा विस्तार र गुणात्मक विकासका लागि सरकारीस्तरमा नै नीतिगत प्रतिबद्धता हुनु आवश्यक छ। अपाङ्ग सम्बन्धी ऐन २०३९ लागु गर्न नियमावली समेत बनाउनु पर्छ।

३. अपाङ्गताको कारणबाट हुने पाठ्यक्रम निर्माणको स्थितिमा शिक्षा प्रणालीको मूल पाठ्यक्रममा न्यूनतम समायोजन गरी मूल पाठ्यक्रम सरह मान्यता दिनु पर्छ।

४. अपाङ्ग विद्यार्थीहरूलाई यथासम्भव एकीकृत विद्यालयद्वारा नै शिक्षा दिइनु पर्छ। यसका लागि साधारण विद्यालयमा नै विशेष शिक्षा एकाइको व्यवस्था गरिनु पर्दछ।

५. अपाङ्गहरूको शिक्षा निःशुल्क गर्नुका साथै आवासीय सुविधा, पाठ्य सामग्री र उपकरणहरू आदिसमेत उपलब्ध गराउने नीति समेत रहनु पर्छ।

६. अपाङ्गहरूलाई उपयुक्त र प्रायोगिक, व्यावसायिक र प्राविधिक शिक्षा तथा तालिम दिई आत्मनिर्भर तुल्याउने व्यवस्था गरिनु पर्छ।

७. विशेष शिक्षा शिक्षक तथा जनशक्तिको तालिमको संस्थागत विकास गरिनु पर्छ।

८. अपाङ्गहरूलाई विद्यालयमार्फत शिक्षा दिएर मात्र पुग्दैन। उनीहरूको परिवार सल्लाह सेवा र सामुदायिक पुनर्स्थापना सेवा कार्यक्रमहरू लागु गरिनु पर्छ (राष्ट्रिय शिक्षा आयोग, २०४९)

## २.२. अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनमा सैद्धान्तिक खाकाको रूपमा संज्ञानात्मक विकासको सिद्धान्त, सांकेतिक अन्तरक्रियाको सिद्धान्त, क्रियात्मक सम्बन्ध प्रत्यावर्तक सिद्धान्त तथा प्रयत्न र भूल सिद्धान्त गरी जम्मा चारवटा सिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा उपयोग गरिएको छ। मूलतः यो अध्ययन बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूको सिकाइ सम्बन्धी समस्याहरूमा केन्द्रित रहेको हुँदा उक्त सिकाइ सिद्धान्तहरूलाई सैद्धान्तिक खाकाको रूपमा उल्लेख गर्नु सान्दर्भिक देखियो।

## २.१.१ संज्ञानात्मक विकासको सिद्धान्त

Jean Piaget (1896–1980 A.D.) को सिद्धान्त अनुसार मानिसको मानसिक समायोजनसँग सम्बन्धित छ । उनका अनुसार जसरी शारीरिक ढाँचाहरू वातावरण अनुकुल रूपान्तरण हुन्छन् त्यसरी नै मानसिक ढाँचा पनि बाह्य संसारसँग समायोजन हुन सक्ने गरी परिवर्तन हुन्छ । उनको यो सिद्धान्तले मानिसको सम्पूर्ण विकास क्रमलाई समेटेको छ । ज्ञानको प्रमुख स्रोत क्रिया हो भन्ने उनको ठहर छ । बहिरा बालबालिकाहरूको बौद्धिक विकासका लागि निरन्तर रूपमा व्यक्ति र वातावरणबीच अन्तरक्रियाको आवश्यकता पर्दछ । उनका अनुसार प्रत्येक ज्ञानात्मक चरणहरूमा मानसिक संरचनाहरूमा फरकपन आउँदै र सफल हुँदै जाने क्रममा विकासात्मक चरणहरूको निर्धारण हुँदै जान्छ । मानसिक ज्ञानात्मक संरचना निर्माणमा वंशाणुक्रम गुण र वातावरण दुवै पक्षको सन्तुलित अन्तरक्रियाको आवश्यकता पर्दछ । उनले चार विकासात्मक चरणहरू भएर ज्ञानात्मक विकास अगाडि बढने वा पूर्णतामा पुग्ने विचार प्रस्तुत गरेका छन् । चारवटा चरणहरूमा सांवेदिक क्रियात्मक अवस्था जन्मदेखि २ वर्षसम्म, पूर्व क्रियात्मक अवस्था २ देखि ७ वर्षसम्म, ठोस क्रियात्मक अवस्था ७ देखि ११ वर्षसम्म र औपचारिक क्रियाको अवस्था १२ वर्षदेखि माथिको अवस्था भनेर उल्लेख गरेका छन् । कुनै पनि बालकमा वातावरणअनुसार समायोजन हुन व्यक्तिगत र जन्मजात प्रकृति हुन्छ जसलाई उनले अनुकुलता भनेका छन् (खनाल, धिताल, शर्मा २०५७ मा उद्धृत) ।

संज्ञानात्मक विकासको यस सिद्धान्तमा शिक्षार्थी वा सिकारुको भूमिका महत्त्वपूर्ण हुने भएकाले बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूको उमेर, क्षमता, रुचि आवश्यकता आदि पक्षहरूलाई ध्यान दिएर पाठ्यक्रम निर्माण गर्नु पर्छ । विद्यार्थीको उमेरअनुसार उसको पाठ्य विषयवस्तु निर्माण गरी खेल विधि, प्रयोग प्रदर्शन विधि लगायत विद्यार्थी केन्द्रित विधिको प्रयोगबाट अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न सकिन्छ । साथै बहिरा बालबालिकाहरूमा आत्म विश्वास (Self Confidence) बढाउन समेत सहयोग पुग्छ ।

## २.१.२ क्रियात्मक सम्बन्ध प्रत्यावर्तनको सिद्धान्त

B.F. Skinner (1938) का अनुसार सिकाइ वा व्यवहार परिवर्तन उपलब्ध वातावरणीय उत्तेजनाप्रति सहज रूपमा पैदाहुने प्रतिक्रिया र त्यसपछि प्राप्त हुने पुर्नबलबीचको सम्बन्धबाट सम्भव हुन्छ । यसरी प्रतिक्रिया र पुनर्बलीय उत्तेजनाबीचको आपसी सम्बन्धबाट व्यवहार परिवर्तन गराउने प्रक्रिया क्रियापरक सम्बन्ध प्रत्यावर्तन सिकाइ (Operant learning) हो । अर्को शब्दमा मानिस र वातावरणबीच निरन्तर रूपमा भइरहने अन्तरक्रियाको परिणामस्वरूप मानिसका विविध पक्षमा देखापर्ने प्रगतिशील परिवर्तनहरूलाई सिकाइ र विकास मानिन्छ (खनाल, धिताल, शर्मा २०५७ मा उद्धृत) । प्रभावकारी सिकाइका लागि वातावरणीय अनुकुलता, अभ्यासका अवसरहरू, पुनर्बल एवं पृष्ठपोषण अनिवार्य हुन्छन् भन्ने दृष्टिकोण यस सिद्धान्तको रहेको छ । पुनर्बललाई सिकाइको

प्रमुख आधार मानिएकोले सांकेतिक भाषाको माध्यमबाट बहिराहरूलाई शिक्षण गर्दा यो सिकाइ सिद्धान्त प्रयोग गर्न उपयुक्त देखिन्छ । बालबालिकाहरूका गलत बानी हटाउँदै अपेक्षित व्यवहारमा परिवर्तन ल्याउन तथा भाषिक सीप सिकाइ एवं अन्य जटिल सीप सिकाइका लागि यो सिद्धान्तलाई प्रयोगमा ल्याउन सकिन्छ । बहिरा तथा सुस्त श्रवण बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्नु, वैयक्तिक व्यवस्थापन (Personal management) गर्नु तथा व्यावहारिक उपचारका लागि पुनर्बलको प्रयोग गर्न, कार्यक्रमबद्ध शिक्षण गर्न, सांकेतिक अर्थको प्रयोग गर्न आदि कार्यमा यस सिद्धान्तको व्यापक प्रयोग गर्न सकिन्छ ।

### २.१.३. प्रयत्न र भूल सिकाइ सिद्धान्त

E.L. Thorndike (1913) द्वारा प्रतिपादित यो सिद्धान्तअनुसार जब सिकारुका अगाडि कुनै नयाँ समस्या वा परिस्थिति उत्पन्न हुन्छ त्यो परिस्थितिसँग समायोजन गर्नका लागि उसले धेरै प्रतिक्रियाहरू गर्छ जसमा भूलहरू पनि हुन्छन् । सिकारुले प्रयत्न र भूलको श्रृङ्खलामा भूललाई हटाउँदै प्राप्त व्यवहारको निरन्तर अभ्यासबाट सिकाइ हुने कुरामा यस सिद्धान्तले जोड दिन्छ । सिकारुले सुरुमा सिक्ने प्रयत्न गर्ने क्रममा प्रशस्त भूलहरू गर्छ तर निरन्तर अभ्यास गर्दै जाँदा क्रमश भूलहरू सच्चिदै जान्छन् र सिकारु नयाँ कुरा सिक्न सफल हुन्छ (शर्मा, २०६१ मा उद्धृत) । बहिरा बालबालिकाहरू पनि कान नसुन्ने र बोल्न नसक्ने हुँदा उनीहरूलाई सुरुमा सांकेतिक भाषा सिकाउँदा प्रशस्त भूलहरू गर्छन तर अभ्यासलाई निरन्तरता दिएर क्रमशः सिक्ने प्रयत्नलाई जारी राख्न प्रेरित गर्न सक्दा अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न सक्छन् ।

### २.१.४ सांकेतिक अन्तरक्रिया सिद्धान्त

John Dewey (1859-1952) द्वारा प्रतिपादित यो सिद्धान्त मानवीय व्यवहारको भित्री पक्षसँग सम्बन्धित छ । मानिसले निश्चित र नियमित रूपमा कुनै न कुनै संञ्चार माध्यमको प्रयोग गरी अन्य व्यक्तिहरूँग अन्तरक्रिया गर्दै गएपछि आत्म प्रतिविम्ब प्राप्त गर्दछ । यही आत्म प्रतिविम्वका आधारमा सामाजिक क्रियाकलापको व्याख्या गर्ने सिद्धान्तलाई सांकेतिक अन्तरक्रियाको सिद्धान्त भनिन्छ । बहिरा तथा सुस्त श्रवण भएका बालबालिकाहरू प्रष्ट बोल्न नसके पनि बाल्यकालदेखि नै परिवारका सदस्य तथा अन्य व्यक्तिहरूसँग अन्तरक्रियाको क्रममा इशारा, हाउभाउ वा संकेत चिन्हको माध्यमबाट वा सांकेतिक भाषाको माध्यमबाट आफ्नै तरिकाले ज्ञान आर्जन गर्न र परिस्थितिको सामना गर्न क्रमश अभ्यस्त भएर जान्छन् (शर्मा, २०६५ मा उद्धृत) ।

## २.३ शैक्षिक उपादेयता

माथि उल्लेख गरिएका सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको अध्ययनबाट बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूका सिकाइसम्बन्धी समस्या र आवश्यकताहरू पत्ता लगाउन मार्गदर्शन प्राप्त भएको छ । यस अध्ययनको मूल उद्देश्य बहिरा तथा सुस्त श्रवण

विद्यार्थीहरूको सिकाइ उपलब्धिका कमजोरीहरू पत्ता लगाएर सुधार गर्नका लागि सिकाइ सिद्धान्तहरूले मार्गदर्शन गर्ने हुँदा माथि उल्लेखित सिकाइ सिद्धान्तहरूलाई यस अध्ययनका लागि उपयोगी र सान्दर्भिक मानियो । बालबालिकाहरूको उमेर, रुचि, क्षमता तथा शारीरिक र मानसिक परिपक्वताका आधारमा शिक्षण सिकाइ वातावरण सृजना गर्न संज्ञानात्मक विकासको सिद्धान्त आवश्यक छ भने प्रतिक्रिया र पुनर्बलीय उत्तेजनाबीचको आपसी सम्बन्धबाट अपेक्षित व्यवहारा परिवर्तन गर्ने क्रियापरक सम्बन्ध प्रत्यावर्तन सिद्धान्तलाई उपयुक्त मानिएको छ । बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूले सुरुमा सिक्न प्रयत्न गर्ने क्रममा प्रसस्त भूलहरू गर्छन तर निरन्तर अभ्यास गर्दै जाँदा क्रमशः भूलहरू सच्चिदै जाने मान्यता राख्ने प्रयत्न र भूल सिकाइ सिद्धान्त समेत यहाँ उपयुक्त देखियो । बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूमा सांकेतिक भाषाको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने भएकाले यस शोधलाई सांकेतिक अन्तर्क्रिया सिद्धान्तले पनि मार्ग निर्देशन गरेको छ ।

सम्बन्धित साहित्यको अध्ययनको शिलशीलामा अपाङ्गसम्बन्धी विभिन्न ऐन, नियम, नीतिगत कार्ययोजनाका खाका तथा बहिराहरूका समस्याका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित लेखरचनाहरूले यस अध्ययनलाई पूरा गर्न मार्गदर्शन प्राप्त भएको छ । बहिरा लगायतका अपाङ्गहरूलाई शिक्षामा पहुँच पुऱ्याउने अवस्था सृजना गरी उनीहरूको शिक्षा, स्वास्थ्य र रोजगार जस्ता पक्षहरूमा सहभागी बन्न सक्नेगरी सशक्तीकरणका लागि सबैजसो लेख-रचनाहरूले जोड दिएका छन् । माथि उल्लेखित सम्बन्धित साहित्यको अध्ययनले बहिराहरूको शिक्षामा पहुँच वृद्धि गर्न शैक्षिक सुधारसम्बन्धी रणनीतिक उपायहरू सुझाव दिन तथा बहिराहरूको जीवन निर्वाहका लागि व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरी उनीहरूलाई आत्मनिर्भर बनाउने कार्यमा सुझाव दिन सहयोग पुगेको छ । त्यस्तै बहिरा विद्यार्थीहरूको भाषिक क्षमता अनुकूलको पाठ्यक्रम निर्माण गरी लागु गर्नुपर्ने, सांकेतिक भाषाको शब्दभण्डार वृद्धि गर्नुपर्ने, बहिराहरूलाई सीपमूलक तथा व्यावसायिक शिक्षाको पहुँच सुनिश्चित गर्नुपर्ने विषयलाई धेरैजसो लेखकहरूले उठान गरेका छन् । विज्ञ लेखक तथा अनुसन्धाताहरूले बहिरा बालबालिकाहरू लाटा नहुने र उनीहरू सामान्य बालकहरू सरह बुद्धिमान हुनसक्ने तर यसका लागि उपयुक्त सञ्चार माध्यम जस्तै : सांकेतिक भाषाको माध्यमले सानै उमेरदेखि शिक्षा दिएर उनीहरूको क्षमताअनुसारको ज्ञान र सीप सिक्ने अवसर प्रदान गरी आत्मा निर्भन बनाउनु पर्ने भनाइलाई यस अध्ययनमा परीक्षण गर्न मार्ग निर्देशन प्राप्त भएको छ । बहिरा तथा सुस्त श्रवणसम्बन्धी अध्ययनहरूले प्रस्तुत विषयमा देखाएका कमिकमजोरी, उपलब्धि, व्याख्या र विश्लेषण, नीतिगत प्रयासहरू प्रस्तुत गरेको हुँदा यस शोध कार्यलाई अगाडि बढाउन उक्त सम्बन्धित साहित्यको अध्ययन उपयोगी भएको छ । साथै यस अध्ययनलाई निर्दिष्ट रूपमा डोऱ्याउने कार्यमासमेत सम्बन्धित साहित्यको अध्ययन र सैद्धान्तिक खाकाले प्रत्यक्ष सहयोग गरेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन कार्य बहिरा बालकालिकाहरूको सिकाइ गतिविधिसँग सम्बन्धित विविध पक्षहरूको वर्तमान अवस्थाको तथ्याङ्क संकलन गरी त्यसलाई वर्णनात्मक रूपमा विश्लेषण गरिएको हुँदा अनुसन्धानको ढाँचा गुणात्मक र वर्णनात्मक पद्धतिमा आधारित छ । विभिन्न तथ्यहरूलाई परिमाणात्मक रूपमा पनि प्रस्तुत गरिएको छ ।

## ३.२ अनुसन्धानका साधनहरू

यस अध्ययनका लागि निम्न लिखित अनुसन्धानका साधनहरूको प्रयोग गरिएको छ ।

क) प्रश्नावली

उत्तरदाताहरूले खुल्ला रूपमा आफ्नो विचार व्यक्त गर्न पाउने खालका प्रश्नहरू समावे्श भएको प्रश्नावलीलाई खुल्ला प्रश्नावली भनिन्छ (खनाल, २०६१) । बहिरा विद्यार्थीहरूलाई शिक्षण गर्ने कतिपय बहिरा स्रोत कक्षाका शिक्षकहरू स्वयं बहिरा भएकाले उनीहरूबाट आवश्यक सूचना र तथ्याङ्क संकलन गर्न खुल्ला प्रश्नावली प्रयोग गरिएको छ (अनुसूची-१०) ।

ख) अन्तर्वार्ता सूची

अन्तर्वार्ताका लागि तयार गरिएको लिखित प्रश्नावलीलाई अन्तर्वार्ता सूची भनिन्छ जुन अन्तर्वाताकार स्वयंले उत्तरदाताहरूसँग मुखामुख भई वा आमने-सामने भई सोध्ने र उत्तर लेख्ने गरिन्छ (खनाल, २०६१) । यस अध्ययनमा स्रोत शिक्षक तथा प्र.अ.हरू विद्यार्थीका अभिभावकहरूलाई र स्रोत व्यक्तिहरूसँग प्रत्यक्ष सम्पर्क र कुराकानी गरी प्राप्त भएका जानकारी र सूचनाहरूलाई संकलन गरिएको छ (अनुसूची-११ र १२ ) ।

ग) स्थलगत सर्वेक्षण फाराम

अनुसंधानका लागि विषयवस्तुसँग सम्बन्धित क्षेत्र वा स्थलमा गएर अन्तर्वार्ता, सोधपुछ अवलोकन फाराम मार्फत तथ्याङ्क र सूचना प्राप्त गर्ने साधन स्थलगत सर्वेक्षण हो (खनाल, २०६१) । यस साधनबाट सम्बन्धित क्षेत्रको यथार्थ जानकारी प्राप्त गर्न सकिन्छ । यस अध्ययनमा स्रोत कक्षाहरूको भौतिक तथा शैक्षिक सामग्रीहरूको अवस्थाको जानकारी लिन यो साधनको प्रयोग गरिएको छ (अनुसूची-१४) ।

घ) रुजु सूची

बहिरा स्रोत कक्षाका बालबालिकाहरूका लागि उनीहरूका शैक्षिक क्रियाकलाप तथा अन्य व्यवहारहरू जस्तै सञ्चार र भाषा विकास क्षेत्र, बौद्धिक विकास क्षेत्र, सामाजिक तथा संवेगात्मक विकास क्षेत्रको लेखाजोखा गर्न परीक्षण तालिका (Check List)को प्रयोग गरिएको छ (अनुसूची-१३) ।

ङ) कक्षा कोठा अवलोकन फाराम

शैक्षिक अनुसन्धानका लागि कक्षा कोठामा हुने क्रियाकलापहरू र अन्य तथ्य संकलन गर्न कक्षाकोठा अवलोकन गरी फाराममा भर्न सकिन्छ । यस अध्ययनमा बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूको कक्षामा देखिएका विभिन्न क्रियाकलापहरू तथा कक्षा कोठामा उपलब्ध भौतिक सामग्रीहरूको जानकारी प्राप्त गर्न कक्षा सञ्चालन भइरहेको अवस्थामा कक्षाकोठा अवलोकन फाराम भरियो (अनुसूची-९) ।

## ३.३ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनका लागि तथ्याङ्क र सूचना तथा जानकारी प्राप्त गर्ने निम्न दुई किसिमका स्रोतहरूलाई प्रयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

अध्ययनका लागि तयार गरिएका साधनहरू अध्ययनकर्ता आफैंले प्रयोग गरी संकलन गरेको तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क भनिन्छ (खनाल, २०६१) । खुल्ला प्रश्नावली, अन्तर्वाता सूची, स्थलगत सर्वेक्षण फाराम, कक्षाकोठा अवलोकन फाराम र रुजु सूचीलाई प्राथमिक स्रोतको रूपमा प्रयोग गरिएको छ । तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गर्दा मुख्य आधार प्राथमिक तथ्याङ्कहरूलाई मानिएको छ ।

### ३.३.२ द्वितीय स्रोत

प्राथमिक तथ्याङ्कले मात्र अध्ययन कार्य पूर्ण हुन नसक्ने हुँदा सहायक स्रोतहरूको पनि आवश्यकता पर्दछ । यस अध्ययनको क्रममा बहिरा तथा अपाङ्ग सम्बन्धी प्रतिवेदनहरू, जर्नलहरू, शोधपत्रहरू, विद्यालयका मार्क्स लेजरहरू, लेखाजोखा केन्द्रका रेकर्डहरू, ऐन कानुनका सम्बन्धित अंशहरूलाई द्वितीय स्रोतको रूपमा प्रयोग गरिएको छ ।

## ३.४ नमुना छनौट तथा तथ्याङ्क संकलन प्रक्रिया

### ३.४.१ जनसंख्या

यस अध्ययनका लागि झापा जिल्लाका विशेष शिक्षा कार्यक्रम अन्तर्गत बहिरा तथा सुस्त श्रवण तर्फका जम्मा ६ वटा स्रोत कक्षाहरू सञ्चालन हुने सामुदायिक विद्यालयहरूमध्ये तीनवटा विद्यालयहरूलाई नमुनाको कुल जनसंख्याको रूपमा लिइएको छ ।

### ३.४.२ नमुना छनौट तथा नमुनाको आकार

झापा जिल्लाभित्र सञ्चालित छ वटा बहिरा तथा सुस्त श्रवण स्रोत कक्षाहरूमध्ये उद्देश्यपूर्ण छनौट विधि प्रयोग गरी तीनवटा विद्यालयहरू क्रमश: श्री कनकाई मा.वि. सुरुङ्गा, श्री हिमाली नि.मा.वि. लक्ष्मीपुर र श्री मोहनमाया नि.मा.वि. चारपानेलाई अध्ययनका लागि छनौट गरिएको छ । उक्त तीनवटा विद्यालयहरूबाट अध्ययनका लागि नमुनाको संख्यात्मक विवरण देहाय अनुसार रहेको छ :

**तालिका ३.१ : नमुनाहरूको संख्यात्मक विवरण**

| क्र.सं. | सहभागी व्यक्तिहरू | कनकाई मा.वि. सुरुङ्गा | हिमाली नि.मा.वि. लक्ष्मीपुर | मोहनमाया नि.मा.वि. चारपाने | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | १ | १ | १ | ३ |
| २ | वि.व्य.स. अध्यक्ष | १ | १ | १ | ३ |
| ३ | स्रोत व्यक्ति | १ | | १ | २ |
| ४ | स्रोत शिक्षक/बहिरा शिक्षक | ७ | १ | १ | ९ |
| ५ | बहिरा विद्यार्थी | १५ | ५ | ५ | २५ |
| ६ | अभिभावक | १५ | ५ | ५ | २५ |
| | **जम्मा** | **४०** | **१३** | **१४** | **६७** |

*स्थलगत सर्वेक्षण, २०६७*

### ३.४.३ नमुना छनौट विधि

यस अध्ययनमा नमुना छनौट गर्नका लागि उद्देश्यपूर्ण नमुना छनौट (Purposeful Sampling Method) का आधारमा विद्यालयका बहिरा शिक्षक, बहिरा विद्यार्थी र उनीहरूका अभिभावकहरूको छनोट गरिएको छ भने प्र.अ., स्रोत शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षको छनोट स्वतः गरिएको छ ।

### ३.४.४ नमुना छनौटको आधार

यस अध्ययनमा तथ्याङ्क संकलनको उद्देश्य विद्यार्थीहरूको सिकाइ उपलब्धि थाहा पाउनु रहेकाले नमुना छनौटको आधार शैक्षिकसत्र २०६५ र २०६६ को वार्षिक परीक्षाको प्राप्ताङ्कलाई बनाइएको छ । नमुना छनौट गरी तथ्याङ्क संकलन गर्दा सामुदायिक विद्यालयहरूमा सञ्चालित मा.वि. तह, नि.मा.वि. तह र प्रा.वि. तहमा अध्ययन गर्ने बहिरा विद्यार्थीहरूलाई मात्र आधार बनाइएको छ भने विद्यालयको छनोट गर्दा भौगोलिक क्षेत्र, आर्थिक मितव्ययिता र सुगमतालाई समेत नमुना छनौटको आधार बनाइएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

खुल्ला प्रश्नावली, अन्तर्वार्ता सूची, कक्षा अवलोकन फाराम आदि साधनहरूबाट प्राप्त भएका तथ्य तथा जानकारीहरूलाई मूलतः वर्णनात्मक तथा गुणात्मक रूपमा विश्लेषण गरिएको छ । त्यस्तै प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त हुन आएका तथ्याङ्कहरूलाई तालिकीकरण गरी चरणबद्ध रूपमा व्याख्या-विश्लेषण गरिएको छ । तथ्याङ्कहरूलाई ग्राफ, चार्ट र टेबलको प्रयोग गरी प्रस्तु गरिएको छ । प्राप्त तथ्याङ्कहरूको विश्लेषण पूर्ण रूपमा मानव साधन (Manual Instrument) बाट गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

यस परिच्छेदमा झापा जिल्लाका विशेष शिक्षा अन्तर्गत बहिरा तथा सुस्त श्रवणतर्फका तीनवटा विद्यालयहरूबाट प्राप्त भएका तथ्याङ्क र विवरणहरूको व्याख्या र विश्लेषण गरिएको छ । व्याख्या र विश्लेषणमा मूलतः प्राथमिक तथ्याङ्कहरूलाई आधार बनाउँदै द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्कहरूलाईसमेत प्रयोग गरिएको छ । विभिन्न स्रोहरूबाट प्राप्त तथ्याङ्कलाई व्याख्या र विश्लेषण गर्दा यस अध्ययनका चारवटा उद्देश्यहरूअनुसार नै क्रमश राखिएको छ । बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूको कक्षागत तथा विषयगत सिकाइ उपलब्धि पत्ता लगाउने, विषयगत रूपमा सिकाई उपलब्धिका कमजोर पक्षहरू पहिचान गर्ने, विद्यालय छोडेका बहिरा बालबालिकाहरूको सामाजिकीकरणको स्थिति लेखाजोखा गर्ने र बहिरा विद्यार्थीहरूको शिक्षण सिकाइमा रहेका समस्या समाधान गर्न आवश्यक सुझाव दिने गरी क्रमश व्याख्या विश्लेषण गर्दै अध्ययनबाट प्राप्त नतिजाहरूलाई सैद्धान्तिक खाका (Theory) तथा सम्बन्धित साहित्यसँग सम्बन्ध स्थापना गरिएको छ ।

## ४.१.१ बहिरा तथा सुस्त श्रवण बालबालिकाको सिकाइ उपलब्धिको अवस्था

नमुना छनौटमा परेका विद्यालयहरूमध्ये श्री मोहनमाया निम्न माध्यमिक विद्यालयको कक्षा २ र कक्षा ५ तथा श्री हिमाली नि.मा.वि. लक्ष्मीपुरको कक्षा ४ र कक्षा ५ का बहिरा विद्यार्थीहरूको २०६५ र २०६६ सालको प्रगति विवरणहरू क्रमश प्रस्तुत गरिएको छ । पूर्वाञ्चलमा बहिरा बालबालिकाहरूलाई कक्षा ६ देखि १० सम्म सांकेतिक भाषामा अध्यापन गराइने एकमात्र सामुदायिक विद्यालय श्री कनकाई मा.वि. सुरुङ्गाको कक्षा ६, कक्षा ८ र कक्षा १० का विद्यार्थीहरूले २०६५ र २०६६ सालमा प्राप्त गरेको प्रगति विवरण क्रमश देहाय अनुसार प्रस्तुत गरिएको छ ।

अनुसूची १ मा उल्लेख भएअनुसार श्री मोहनमाया नि.मा.वि. चारपानेमा कक्षा २ मा अध्ययनरत जम्मा ९ जना बहिरा विद्यार्थीहरूमध्ये छात्र ४ जना र छात्रा ५ जना गरी सबैजना विद्यार्थीहरू २०६६ सालको वार्षिक परीक्षामा सामेल भएर सबैले सफलता प्राप्त गरेको देखिन्छ । नेपाली विषयको औसत प्राप्ताङ्क ६८.२ पाइयो जसलाई राम्रो वा स्तरीय उपलब्धि मान्न सकिन्छ । यसैगरी अनुसूची २ मा उल्लेख भएअनुसार श्री मोहनमाया नि.मा.वि.का कक्षा ५ का बहिरा बालबालिकाहरू २०६५ सालको वार्षिक परीक्षामा छात्रा ५ जना र छात्र २ जना गरी जम्मा सात जनाले परीक्षामा सामेल भएर सफलता प्राप्त गरेको देखियो । विषयगत सिकाइ उपलब्धिको अवस्था विश्लेषण गर्दा ७ जना विद्यार्थीले नेपाली विषयमा औसत प्राप्ताङ्क ६८.१४ पाएको देखिन्छ र यो राम्रो वा स्तरीय प्राप्ताङ्क हो । त्यस्तै अंग्रेजी र गणित जस्ता बहिरा बालबालिकाहरूलाई सिक्न/सिकाउन कठिन ठानिएका विषयहरूको औसत उपलब्धि ७५ भन्दा बढी भएकाले यी विषयहरूमा विद्यार्थीहरूको सिकाइ उपलब्धि धेरै राम्रो वा स्तरीय देखिन्छ । यस विद्यालयको कक्षा २ र कक्षा ५ को

प्राप्ताङ्क विवरणलाई अध्ययन विश्लेषण गर्दा र अन्य विद्यालयहरूसँग तुलना गर्दा यस विद्यालयको बहिरा विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई तुलनात्मक रूपमा राम्रो भएकाले अन्य विद्यालयहरूका लागि अनुकरणीय देखिन्छ ।

नमुना क्षेत्र अन्तर्गत श्री मोहनमाया नि.मा.वि.मा प्राप्त भएको तथ्य र B.F. Skinner ले उल्लेख गरेको प्रतिक्रिया र पुनर्बलीय उत्तेजनाबीचको आपसी सम्बन्धबाट व्यवहार परिवर्तन गराउने प्रक्रिया संभवहुने भनाइलाई श्री मोहनमाया नि.मा.वि.ले विशेष शिक्षातर्फका कक्षा २ का ९ जना र कक्षा ५ का ७ जना बहिरा विद्यार्थीहरूलाई आवश्यकता अनुसार पुनर्बल र पृष्ठपोषण प्रदान गरी सिकाइ उपलब्धि वृद्धि गर्न सफलता प्राप्त गरेको देखिन्छ । यसैगरी इशारा आवाज (२०५५ : ९) ले उल्लेख गरेअनुसार बहिरा बालबालिकाहरूले सानै उमेरदेखि सांकेतिक भाषाको माध्यमबाट सिक्ने अवसर पाए भने साथै उपयुक्त सिकाइ वातावरण पाएमा उनीहरू सुन्ने व्यक्तिहरू सरह वा सोभन्दा पनि राम्रो प्रतिभा, पौरख देखाउन सक्छन् ।

अनुसूची ३ मा उल्लेख भए अनुसार श्री हिमाली नि.मा.वि. लक्ष्मीपुरमा विशेष शिक्षातर्फ कक्षा चारमा अध्ययनरत जम्मा १० जना विद्यार्थीहरूमध्ये ६ जना छात्र र ४ जना छात्राहरूले २०६५ सालको वार्षिक परीक्षामा सामेल भएर सफलता प्राप्त गरी कक्षा ५ मा कक्षोन्नति भएको देखिन्छ । त्यसैगरी अनुसूची ४ मा उल्लेख भएअनुसार कक्षा ४ बाट सफल भएर आएका तिनै दशजना विद्यार्थीहरू कक्षा ५ मा अध्ययन गरी २०६६ सालको वार्षिक परीक्षामा सफलता प्राप्त गरेको देखिन्छ । दस जना उनै विद्यार्थीहरूले कक्षा ४ र कक्षा ५ मा प्राप्त गरको औसत प्राप्ताङ्कको तुलना निम्न तालिकामा एवं बहुगुणी स्तम्भचित्रद्वारा प्रस्तुत गरिएको छ :

**तालिका ४.१.१ : १० जना विद्यार्थीको कक्षा ४ र कक्षा ५ को औसत विषयगत प्राप्ताङ्क**

| विषय / कक्षा | विषय | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | सृ.अ.क. | शारीरिक | स्थानीय वियय |
| कक्षा ४ को औसत प्राप्ताङ्क | ४५.१ | ५७.२ | ६२.३ | ५१.४ | ६१.४ | २७.९ | २९.७ | ६०.८ |
| कक्षा ५ को औसत प्राप्ताङ्क | ६५ | ६२.७ | ४८.२ | ५५.९ | ६५.५ | ३६.२ | ३४.२ | ६३.९ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

उपर्युक्त तालिका एवं स्तम्भ चित्रबाट कक्षा ४ को भन्दा कक्षा ५ को औसत सिकाइ उपलब्धि गणित विषय बाहेक अन्य सबै विषयहरूमा बढी देखिन्छ । E.L. Thorndike (1913) द्वारा प्रतिपादित प्रयत्न र भूल सिकाइ सिद्धान्त अनुसार सिकारुले प्रयत्न र भूलको श्रृङ्खलामा भूललाई क्रमश हटाउँदै प्राप्त व्यवहारको निरन्तर अभ्यासबाट सिकाइ हुने कुरामा जोड दिएको छ । सिकारुले सुरुमा सिक्ने प्रयत्न गर्ने क्रममा प्रशस्त भूलहरू गर्छ तर निरन्तर अभ्यास गर्दै जाँदा क्रमश भूलहरू सच्चिदै जान्छन र सिकारु नयाँ-नयाँ कुराहरू सिक्दैजान सफल हुन्छ । बहिरा बालबालिकाहरू कान नसुन्ने र बोल्न नसक्ने हुँदा उनीहरूको प्रारम्भिक सिकाइमा धेरै भूलहरू हुन्छन् भने सिक्ने क्रममा अभ्यासलाई निरन्तरता दिएर क्रमश सिक्ने प्रयत्नलाई जारी राख्न प्रेरित गर्दा अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने कुरा माथिको तालिका तथा स्तम्भ चित्रबाट पुष्टि हुन्छ । कक्षा ४ मा जे जति कुराहरू सिकेका थिए त्यसलाई निरन्तरता दिएर भूलहरू सच्याउदै कक्षा ५ मा उनीहरूले तुलनात्मक रूपमा गणित विषय बाहेक अन्य विषयहरूमा राम्रो उपलब्धि प्राप्त गर्न सकेको देखिन्छ ।

अनुसूची ५ मा उल्लेख भएअनुसार श्री कनकाई मा.वि. सुरुङ्गामा २०६५ सालमा कक्षा ६ मा अध्ययनरत १५ जना विद्यार्थीहरूमध्ये २०६५ सालको वार्षिक परीक्षामा १३ जना उत्तीर्ण र २ जना अनुत्तीर्ण भएको पाइयो । विषयगतरूपमा औसत प्राप्ताङ्कलाई तुलना गर्दा गणित विषयको औसत प्राप्ताङ्क ३१.७ मात्र भएकाले गणित विषयको सिकाइ उपलब्धि कमजोर  देखियो । यसैगरी अनुसूची ६ मा उल्लेख भएअनुसार श्री कनकाई मा.वि. सुरुङ्गामा २०६६ सालको वार्षिक परीक्षामा सामेल भएका कक्षा ६ का १२ जना विद्यार्थीहरूमध्ये सबै जनाको गणित विषयको सिकाई उपलब्धि धेरै कमजोर रहेको र १२ जनामध्ये १० जना अनुत्तीर्ण भएर कक्षा दोहऱ्याउनुपर्ने अवस्था रहेको पाइयो । उत्तीर्ण हुने २ जनाले पनि गणित विषयमा उत्तीर्णाङ्कको हाराहारिमा न्यून अंक पाएका छन् । गणित विषयमा १२ जना बहिरा

विद्यार्थीहरूको औसत प्राप्ताङ्क १७.३३ मात्र रहेकाले पनि उनीहरूको गणित विषयमा शिक्षण तथा सिकाइ दुवै समस्याग्रस्त रहेको देखिन्छ । कनकाई मा.वि.का कक्षा ६ मा अध्ययनरत बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूको २०६५ साल र २०६६ सालको वार्षिक परीक्षाको विषयगत औसत प्राप्ताङ्कको तुलना निम्न तालिका एवं स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१.२ : कक्षा ६ का बहिरा विद्यार्थीहरूको २०६५ र २०६६ सालको वार्षिक परीक्षाको विषयगत औसत प्राप्ताङ्क**

| परीक्षा वर्ष | विषय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | ज.वा. | स्वास्थ्य | पूर्व व्यावसायिक | नागरिक तथा नैतिक |
| २०६५ साल | ३२.६ | ३३.६७ | ३१.७ | ४३.२६ | ४३.२६ | १८.०७ | १७.१३ | १६.३३ | १८.२६ |
| २०६६ साल | ३४.०८ | ४८.१६ | १७.३३ | ४७.८३ | ३६.७५ | १९.०८ | २८.८३ | १८.१६ | २२.८३ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

उपर्युक्त तालिका एवं स्तम्भ चित्रबाट कक्षा ६ का विद्यार्थीहरूले २०६५ सालमा प्राप्त गरेको औसत सिकाइ उपलब्धिभन्दा गणित र सामाजिक विषय बहेक २०६६ सालको वार्षिक परीक्षाको औसत सिकाइ उपलब्धि बढी देखिन्छ । तालिका एवं स्तम्भ चित्रको अध्ययनबाट कनकाई मा.वि.का कक्षा ६ का विद्यार्थीहरूमा E.L. Thorndike (1913) द्वारा प्रतिपादित प्रयत्न र भूलको श्रृङ्खलामा भूललाई क्रमश हटाउँदै प्राप्त व्यवहारको निरन्तर अभ्यास सिकाइमा प्रगति भएको देखिन्छ ।

अनुसूची ७ मा उल्लेख भएअनुसार २०६५ सालको जिल्ला स्तरीय निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा कनकाई मा.वि.का कक्षा ८ का १७ जना बहिरा विद्यार्थीहरूमध्ये १६ जना परीक्षामा सामेल भएको पाइयो । अनिवार्य गणित विषयको औसत उपलब्धि २६.५ देखिएकाले गणित विषयमा बहिरा विद्यार्थीहरू धेरै कमजोर देखिए । जनसंख्या विषयको औसत उपलब्धि १० मात्र रहेको र गणित तथा जनसंख्या विषयको न्यून प्राप्ताङ्कले परीक्षामा सामेल भएका १६ मध्ये ६ जना विद्यार्थीहरू अनुत्तीर्ण भएको पाइयो । स्वास्थ्य र शारीरिक तथा नागरिक/नैतिक विषय बाहेक अन्य सबै विषयहरूको सिकाइ उपलब्धि ४० भन्दा कम रहेकाले सम्बन्धित विद्यार्थीहरूले पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धिहरू अपेक्षित रूपमा प्राप्त गर्न नसकेको वा न्यून मात्रामा प्राप्त गरेको देखिन्छ ।

अनुसूची ८ मा उल्लेख भएअनुसार २०६६ सालको जिल्ला स्तरीय निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा कनकाई मा.वि.का कक्षा ८ मा अध्ययनरत १५ जना बहिरा विद्यार्थीहरूमध्ये एक जना अनुपस्थित रहेको र १४ जना विद्यार्थीहरू परीक्षामा सामेल भएको पाइयो । विषयगत रूपमा औसत प्राप्ताङ्कको अवस्था विश्लेषण गर्दा गणितमा १८.७५ र नेपालीमा ३१.७८ देखिन्छ । पूर्णाङ्क ५० भएको जनसंख्या विषयमा औसत प्राप्ताङ्क ११.७८ देखिन्छ । यस तथ्याङ्कले अन्य कक्षाका बहिरा विद्यार्थीहरू सरह कक्षा ८ का बहिरा विद्यार्थीहरू पनि गणित विषयमा कमजोर देखिए । त्यस्तै नेपाली र जनसंख्या विषयहरूको औसत प्राप्ताङ्क उत्तीर्णङ्क ३२ भन्दा पनि कम देखिनु अर्को चिन्ताको विषय हो । अंग्रेजी विषयको सिकाइ उपलब्धिको औसत ४१.५ भए पनि जम्मा १४ जना मध्ये ७ जना विद्यार्थीहरू बाह्य परीक्षामा अनुत्तीर्ण भएका छन् जस्ले गर्दा अंग्रेजी विषयको सिकाइ उपलब्धि पनि संतोषजनक देखिएन । गणित, पूर्वव्यावसायिक, अंग्रेजी र जनसंख्या तथा सामाजिक विषयहरूको विषयगत सिकाइ उपलब्धिको कमजोरीका कारण परीक्षामा सामेल भएका १४ जना बहिरा विद्यार्थीहरूमध्ये ३ जना (२१.४२%) उत्तीर्ण भएर बाँकी ११ जना विद्यार्थीहरू कक्षा ८ को जिल्ला स्तरीय निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा असफल हुनु ठूलो शैक्षिक क्षति तथा अभिभावकहरूका लागि चिन्ताको विषय हो ।

श्री कनकाई मा.वि. सुरुङ्गाका कक्षा १० का विद्यार्थीहरूको सेन्ड अप परीक्षा र एस.एल.सी. परीक्षाको औसत विषयगत प्राप्ताङ्कको तुलनात्मक अवस्था निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.१.३ : श्री कनकाई मा.वि. सुरुङ्गाको सेन्डअप परीक्षा २०६५ को बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूको प्रगति विवरण**

| क्र. सं. | विद्यार्थीको नाम | विषय | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्वा.ज.वा | ऐ.प्रथम | ऐ.द्वितीय |
| 1 | अम्बीका निरौला | 45 | 47 | 40 | 38 | 40 | 46 | 39 | 47 |
| 2 | गीता श्रेष्ठ | 38 | 42 | 35 | 38 | 40 | 49 | 33 | 37 |
| 3 | पवित्रा निरौला | 48 | 43 | 34 | 42 | 42 | 44 | 38 | 36 |
| 4 | रीना अग्रवाल | 53 | 45 | 36 | 29 | 39 | 46 | 33 | 33 |
| 5 | सरिता घिमिरे | 47 | 44 | 37 | 37 | 47 | 46 | 38 | 40 |
| 6 | जनक फुयल | 39 | 18 | 10 | 21 | 45 | 41 | 42 | 36 |
| | विषयगत जम्मा प्राप्ताङ्क | 270 | 239 | 192 | 205 | 253 | 275 | 223 | 229 |
| औसत सिकाइ उपलब्धि | | 45 | 39=83 | 32 | 34=17 | 42=17 | 45=33 | 37=17 | 38=17 |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

माथिको तालिका एवं स्तम्भ चित्रबाट बहिरा विद्यार्थीहरूको सेन्ड-अप परीक्षामा गणित विषयमा औसत उपलब्धि स्तर ३२ अंक मात्र देखियो । यस नतिजाबाट बहिरा

विद्यार्थीहरू गणित विषयमा सामान्य रूपमा उत्तीर्णाङ्क मात्र प्राप्त गर्न सकेका तर गणित विषयको ज्ञान अपेक्षाकृत रूपमा कमजोर रहेको देखियो । त्यस्तै ऐ. प्रथम अर्थशास्त्र तथा ऐ. द्वितीय शिक्षा विषयको औसत सिकाइ उपलब्धि क्रमश ३७.१६ र ३८.१६ देखिएकाले उक्त विषयहरूमा बहिराहरूले सामान्य ज्ञान मात्र आर्जन गर्न सकेको देखियो । अंग्रेजी विषयमा भने विद्यार्थीहरूले २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षामा विषय शिक्षकले बढी अंक प्रदान गरेका कारण औसत प्राप्ताङ्क ४० भएको पाइयो ।

**तालिका ४.१.४ : श्री कनकाई मा.वि. सुरुङ्गाको एस.एल.सी परीक्षा २०६५ को कक्षा १० का बहिरा विद्यार्थीको प्रगति विवरण**

| क्र सं . | विद्यार्थीको नाम | सिम्बोल नं. | विषय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | स्व.ज.वा | ऐ. प्रथम अर्थशास्त्र | ऐ. द्वितीय शिक्षा | जम्मा |
| 1 | अंकिता आचार्य | 0049486 'टी' | 51 | 43 | 26 | 52 | 32 | 65 | 35 | 59 | 363 |
| 2 | अम्बीका निरौला | 0049487 'यू' | 54 | 50 | 37 | 58 | 38 | 62 | 48 | 66 | 413 |
| 3 | गीता श्रेष्ठ | 0049488 'भी' | 47 | 38 | 37 | 55 | 32 | 69 | 55 | 65 | 398 |
| 4 | पवित्रा निरौला | 0049489 'डब्लु' | 46 | 37 | 39 | 61 | 32 | 62 | 47 | 64 | 388 |
| 5 | रेणु अग्रवाल | 0049490 'एक्स' | 48 | 43 | 36 | 56 | 32 | 70 | 49 | 65 | 399 |
| 6 | सरिता घिमिरे | 0049491 'वाइ' | 42 | 43 | 32 | 52 | 35 | 61 | 43 | 65 | 373 |
| विषयगत जम्मा प्राप्ताङ्क | | | 288 | 254 | 207 | 334 | 201 | 389 | 277 | 384 | |
| औसत प्राप्ताङ्क | | | 48 | 42=33 | 34=5 | 55=67 | 33=5 | 64=83 | 46=17 | 64 | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

माथिको तालिका तथा स्तम्भ चित्रबाट श्री क.मा.वि. सुरुङ्गाबाट २०६५ सालमा जम्मा ६ जना बहिरा विद्यार्थीहरूले एस.एल.सी. परीक्षा दिएको मा ५ जना उत्तीर्ण र एक जना अनुत्तीर्ण भएको पाइयो । विषयगत रूपमा औसत सिकाइ उपलब्धि स्तर गणित विषयको ३४.५ पाइएकाले सेन्ड-अप परीक्ष जस्तै एस.एल.सी मा पनि बहिरा विद्यार्थीहरूले गणित विषयमा उत्तीर्णङ्कै हाराहारीमा अंक प्राप्त गरेकाले गणितको ज्ञान सामान्यमात्र रहेको निष्कर्ष निकाल्न सकिन्छ । अंग्रेजी, विज्ञान र ऐ. दोस्रो शिक्षामा २५ पूर्णङ्कको प्रयोगात्मक परीक्षामा विद्यालयले पूर्णाङ्कको ७०%–९५% सम्म अंक प्रदान गरेकाले यी विषयको औसत उपलब्धि बढी देखिन गएको छ । उक्त तीन विषयको लिखित परीक्षाको मात्र औसत उपलब्धि उत्तीर्णाङ्कको हाराहारीमा रहेकाले बहिरा विद्यार्थीहरू अंग्रेजी, गणित, विज्ञान, अर्थशास्त्र विषयहरूमा उत्तीर्ण भएता पनि सिकाइ उपलब्धि स्तरलाई सामान्य मात्र रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

२०६५ सालको सेन्ड-अप र एस.एल.सी. परीक्षाको प्रत्येक विषयको औसत प्राप्ताङ्कलाई तुलना गर्दा सेन्ड-अप परीक्षामाभन्दा एस.एल.सी. परीक्षामा औसत प्राप्ताङ्क बढी देखिन्छ र यसको अर्थ विद्यार्थीहरूले सेन्ड-अप परीक्षा पछाडि बढी अभ्यास र प्रयत्न गरेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.१.२ सांकेतिक अन्तर्क्रिया तथा संज्ञानात्मक विकासको सिद्धान्त र सिकाइ उपलब्धि

नमुना क्षेत्र अन्तर्गत श्री कनकाई मा.वि. सुरुङ्गामा प्राप्त भएको तथ्य र Jean Piaget (1896-1980) ले उल्लेख गरेको सिद्धान्तमा जसरी शारीरिक ढाँचाहरू वातावरण अनुकुल रूपान्तरण हुन्छन् त्यसरी नै मानसिक ढाँचा पनि बाह्य संसारसँग समायोजन हुन सक्ने गरी परिवर्तन हुन्छ । ज्ञानको प्रमुख स्रोत क्रिया हो भन्ने Piaget को भनाइलाई कनकाई मा.वि. का एस.एल.सी. मा सफलता प्राप्त गर्ने बहिरा विद्यार्थीहरूले प्रमाणित गरेका छन् । हरेक ज्ञानात्मक चरणहरूमा मानसिक संरचनामा फरकपन आउँदै र सफल हुँदै जाने क्रममा विकासात्मक चरणहरूको निर्धारण हुँदै जान्छ । सामान्य (Normal) बालबालिकाहरू जस्तै बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूले पनि Piaget उल्लेख गरेका चारवटा विकासात्मक चरणहरूलाई ध्यान दिंदै विद्यालयका शिक्षकहरूले बहिरा विद्यार्थीको शारीरिक अवस्था, उमेर, क्षमता, रुची र आवश्यकताका आधारमा शिक्षण सिकाइको वातावरण सृजना गर्न सकेकाले उनीहरूले सफलता प्राप्त गर्न सकेको देखिन्छ । त्यसैगरी अपाङ्ग आवाज (२०५९) तथा बर्नर (२०४९) ले धेरैजसो बहिरा केटाकेटीहरू सामान्य बच्चाहरू जस्तै बुद्धिमान् हुन सक्ने तर उनीहरूको मानसिक विकास सामान्य रूपमा हुन सकोस भनेर सानै उमेर देखि उनीहरूलाई सञ्चारका उपयुक्त माध्यमद्वारा विचार र जानकारीको आदानप्रदान गर्ने तथा अवसर पाएमा बहिरा बालबालिकाहरू

शिक्षाको मूल प्रवाहमा गई सफल नागरिक बन्न सक्छन भन्ने भनाइलाई कनकाई मा.वि.बाट २०६५ को एस.एल.सी. परीक्षामा सामेल भएर सफलता प्राप्त गरेका छ जना छात्राहरूले पुष्टि गरेका छन् ।

नमुना क्षेत्र अन्तर्गतका तीनवटै विद्यालयहरू मोहनमाया नि.मा.वि., हिमाली नि.मा.वि. र कनकाई मा.वि. मा बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूको सिकाइ उपलब्धि बारेमा प्राप्त भएको तथ्य र John Dewey (1859-1952) को सांकेतिक अन्तरक्रिया सिद्धान्तअनुसार निश्चित र नियमित रूपमा जब मानिसले अरुसँग सञ्चारका माध्यमहरूद्वारा अन्तरक्रिया गर्दछ उसलाई आत्मप्रतिविम्व प्राप्त हुन्छ । यसरी गरिने अन्तरक्रियाका क्रममा बहिरा बालबालिकाहरूले सिक्ने इशारा, हाउभाऊ वा संकेत र शब्दहरूको माध्यमबाट उनीहरूले आफ्नै तरिकाले बुझ्न वा ज्ञान आर्जन गर्न तथा सिकेको ज्ञानलाई व्यावहारिक क्रियाकलापमा उतार्न सफल भएको देखियो । यसैगरी बहिरा आवाज (२०५९:३) ले उल्लेख गरेअनुसार आज करिब १५०० शब्दहरूको नेपाली सांकेतिक भाषाको विधिवत निर्माण भई शब्दहरूको सांकेतिक विकासबाट बहिराहरूको सञ्चारलाई सशक्त बनाएको छ जुन हातको इशाराबाट गरिन्छ । त्यसैले अब सांकेतिक भाषा बहिराहरूको मौलिक भाषा हो भन्ने भनाइलाई नमुना क्षेत्रका तीनवटै विद्यालयका बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूले व्यवहारमा उतारेको देखियो ।

### ४.१.३ बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूको सिकाइ उपलब्धि

प्राथमिक तहको अन्तिम कक्षा ५ मा लिइने स्रोत केन्द्र स्तरीय परीक्षा, निम्न माध्यमिक तहको अन्तिम कक्षा ८ मा लिइने जिल्ला स्तरीय निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा तथा कक्षा १० को अन्त्यमा लिइने एस.एल.सी. परीक्षामा बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूको सिकाइ उपलब्धिप्रति ३/३ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रअ.हरू ६ जना शिक्षकहरू, २ जना स्रोत व्यक्तिकहरू तथा ६ जना अभिभावकहरूसँग लिइएको प्रतिक्रिया निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ४.१.५ : कक्षा ५, कक्षा ८ र कक्षा १० का बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूको सिकाइ उपलब्धि स्थिति*

| *क्र.सं.* | *प्रतिक्रिया* | *उत्तरदाता संख्या* | *प्रतिशत* |
|---|---|---|---|
| 1 | सिकाइ उपलब्धि राम्रो छ | 4 | 20 |
| 2 | सिकाइ उपलब्धि सन्तोषजनक छ | 5 | 25 |
| 3 | सुधारउन्मुख अवस्था छ | 6 | 30 |
| 4 | सन्तोषजनक छैन | 3 | 15 |
| 5 | ज्यादै नाजुक अवस्था छ | 2 | 10 |

| | | | |
|---|---|---|---|
| | *जम्मा* | ***20*** | ***100*** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

विद्यार्थीको सिकाइ उपलब्धि र विद्यालयसँग प्रत्यक्ष सम्बन्धित व्यवस्थापन समितिका अध्यक्ष, स्रोत व्यक्ति, प्र.अ. र शिक्षकहरू तथा अभिभावकहरूमध्ये छनौटमा परेका २० जना व्यक्तिहरूमध्ये २०% ले सिकाइ उपलब्धि राम्रो तथा १०%ले सिकाइ उपलब्धि ज्यादै नाजुक भएको प्रतिक्रिया दिएका छन् । त्यस्तै सन्तोषजनक छ भन्नेहरू २५% तथा सुधारउन्मुख अवस्थामा छ भन्ने प्रतिक्रिया दिनेमा ३०% भएता पनि सन्तोषजनक छैन र नाजुक अवस्था छ भन्नेहरू जम्मा २५% देखिएकाले यसतर्फ व्यवस्थापन पक्ष, प्र.अ. तथा शिक्षकको ध्यान जान जरुरी देखिन्छ ।

नमुना छनौटमा परेका तीनवटै विद्यालयहरूमा उपलब्ध बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूका लागि समेत उपयोगी हुने शैक्षिक सामग्रीहरूको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१.६ : विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीको विवरण**

| क. सं. | विद्यालय | शैक्षिक सामग्रीको नामावली | | | |
|---|---|---|---|---|---|
| | | श्रव्य सामग्री | दृश्य सामग्री | श्रव्यदृश्य सामग्री | प्र.अ.को प्रतिक्रिया |
| १ | श्री कनकाई मा.वि.. सुरुङ्गा | मादल, हार्मिनियम, तवला, रेडियो तथा टेपरिकर्डर | चार्टहरू, चित्रपत्ती, अक्षरपत्ती,अक्षर ब्लक, माटो र प्लास्टिकका हस्तकला, नमुना घडी, वास्तविक घडी, पोस्टर, ज्यामितीय औजारहरू, सेतोपाटी, जियोवोर्ड तथा कपडा र कागतले बनेका सामग्रीहरू | टेलिभिजन, कम्प्यूटर, फिल्म स्ट्रिप | बहिरा तथा सुस्त श्रवणतर्फका जम्मा ८८ जना विद्यार्थीहरूलाई आवश्यक पर्ने सम्पूर्ण सामग्री पर्याप्त नभएको र जुटाउने प्रयास गरिएको |
| २ | श्री हिमाली नि.मा.वि. लक्ष्मीमुर | रेडियो, टेपरिकर्डर, मादल | शब्दपत्ति, वाक्यपत्ति, तालिका, पोस्टर, चित्रहरू, सेतोपाटी, खेलौनाहरू, ग्रिनबोर्ड, ज्यामितीय सामग्रीहरू, कपडा, कागत र प्लास्टिकका सामग्री | टेलिभिजन | २ वटा प्रा.वि. तहका स्रोत कक्षाहरूका २० जनाका लागि सामग्री पर्याप्त छन् । |
| ३ | श्री मोहनमाया नि.मा.वि. चारपाने | रेडियो | चार्टहरू, चित्रपत्ति, अंकपत्ति, अक्षरब्लक, माटो, प्लास्टिक र कपडाका नमुनाहरू, सेतोपाटी, ज्यामितीय सामग्री | — | २ वटा प्रा.वि. तहका २० जना विद्यार्थीहरूलाई श्रव्य-दुश्य बाहेक काम चलाउ सामग्री छन. । |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई कक्षाकोठाको उपयुक्त व्यवस्थापन लगायत भौतिक सुविधाहरुको उपलब्धताले प्रत्यक्ष प्रभाव पार्दछ । स्थलगत सर्वेक्षणको क्रममा नमुना छनौटमा परेका तीनवटा विद्यालयहरूको भौतिक व्यवस्थापनसँग सम्बन्धित विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१.७ : सिकाइ उपलब्धिलाई प्रभावपार्ने कक्षा कोठाको भौतिक व्यवस्थापन**

| क्र.सं. | भोतिक पक्ष | श्री कनकाई मा.वि. | श्री हिमाली नि.मा.वि. | श्री मोहनमाया नि.मा.वि. |
|---|---|---|---|---|
| १. | प्रयोग भएका कोठा | ८ वटा सुविधाजनक कोठा | ३ वटा सुविधाजनक कोठा | ३ वटा सामान्य कोठा |
| २ | डेक्सबेञ्च | २० जोर फलामे डेक्सबेञ्च | ४ जोर काठका डेक्सबेञ्च | ४ जोर काठका डेक्सबेञ्च |
| ३ | कालो तथा सेतो पाटी | प्रत्येक कोठामा कालो पाटी र २ वटा सेतो पाटी | २ वटा सेतोपाटी | १/१ वटा कालो र सेतोपाटी |
| ४ | झ्यालढोका र हावाको सञ्चार | उपयुक्त संख्यामा छन् | आवश्यक संख्यामा छन् | आवश्यक संख्यामा छन् |
| ५ | कक्षा कोठाको आकार | २२’×२०’ का ठूला पक्की कोठा | मझौला आकारका टिनको छाना भएका कोठा | सानो आकार टिनको छाना भएका कोठा |
| ६ | शौचालय | छात्र-छात्रालाई अलग्गै | छात्र-छात्रा अलग्गै | छात्र-छात्रा अलग्गै |
| ७ | पिउने पानी | पानी आपूर्ति द्वारा शुद्धीकरण गरिएका धाराबाट | ट्युववेलबाट | ट्युववेलबाट |
| ८ | खेल मेदान र सामग्री | ठूलो मैदान र केही सामग्री | सानो मैदान, केही सामग्री | सानो मैदान, केही सामग्री |
| ९ | बालमैत्री वातावरण | सन्तोषजनक | राम्रो | सन्तोषजनक |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

## ४.२ विषयगत सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरू

नमुना छनौटमा परेका तीनवटा विद्यालयहरूमा गरिएको स्थलगत सर्वेक्षण बाट प्रा.वि. तहको कक्षा २, कक्षा ४ र कक्षा ५, नि.मा.वि. तहको कक्षा ६ र कक्षा ८ तथा माध्यमिक तहको कक्षा १० का विद्यार्थीहरूले २०६५ र २०६६ सालमा प्राप्त गरेको विभिन्न विषयको प्राप्ताङ्कको विश्लेषण गर्दा गणित विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धि सबभन्दा कमजोर रहेको पाइयो । गणित पछाडि अंग्रेजी, सामाजिक र विज्ञान विषयहरूमा

पनि सिकाइ उपलब्धि कमजोर रहेको अर्थात सन्तोषजनक अवस्थामा नरहेको पाइयो । बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूलाई उपयुक्त शिक्षा र तालिमको माध्यमले अन्य सामान्य व्यक्तिहरू सरहको कार्य सम्पादन गर्नसक्ने क्षमता वृद्धि गर्न सकिन्छ । तर के कारणले बहिरा विद्यार्थीहरू गणित विषयमा र अन्य विषयमा समेत सामान्य विद्यार्थीहरूको तुलनामा कमजोर देखिए भन्ने प्रश्नमा सम्बन्धित विद्यालयका शिक्षक तथा प्र.अ.हरूको धारणा निम्न अनुसार छ ।

कनकाई मा.वि.का विशेष शिक्षा तर्फका गणित विषयका शिक्षकको भनाई यस्तो छ- "बहिरा विद्यार्थीहरू सबै विषयमा कमजोर छन् । त्यस्को मूल कारण न्यून भाषिक क्षमता हो । भाषाको स्तर दयनीय रहेकोले शिक्षकले सांकेतिक भाषामै भनिरहेका कुरालाई पनि उनीहरू अर्थपूर्ण ढंगले ग्रहण गर्न सक्दैनन् । उनीहरूमा औपचारिक शब्दको ज्ञान अत्यन्त सीमित छ । शब्दको अर्थ बुझ्न र बुझेको शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नसक्ने क्षमताको सर्वथा अभाव छ । घरव्यवहारमा र छरछिमेकमा अरुले बोलेको सुनेर शब्दज्ञानको स्तर बढाउन नसक्ने भएकाले उनीहरूमा आधारभूत र न्यूनतम भाषिक ज्ञानको समेत अभाव छ । भाषिक क्षमताको कमी भएकै कारणले शिक्षकले सांकेतिक भाषाबाटै अर्थ्याइरहेको कुरालाई पनि पूर्णरूपमा बुझ्न नसक्ने हुँदा शिक्षक र विद्यार्थीहरू बिच एक किसिमको Communication Gap रहेको छ । यस्तो Gap विद्यार्थी र पाठ्यपुस्तक बिचमा झनै गहिरो र व्यापक छ । यसरी विद्यार्थी सबै विषयमा र त्यस्मा पनि गणितमा कमजोर हुनु सञ्चार सम्बन्धी समस्या प्रमुख कारण रहेको छ ।" त्यस्तै विशेष शिक्षातर्फकै अंग्रेजी शिक्षकको दृष्टिकोणमा पनि बहिरा विद्यार्थीहरू सबै विषयमा कमजोर देखिन्छन र यसको कारण उनीहरूको भाषिक कठिनाइ नै हो । उनीहरूले हात हल्लाएर संकेत गरेपनि वाक्य शुद्ध लेख्न सक्दैनन् ।

विशेष शिक्षा नि.मा. तहका सामाजिक विषय शिक्षकको भइनाइमा प्राय सबै विषयमा बहिरा विद्यार्थी कमजोर छन् र यसका धेरै कारण छन् जस्तै

१) विद्यार्थीको स्तर, क्षमता, रुचीअनुसारको पाठ्यक्रम नहुनु ।

२) सबैलाई आवासीय सुविधा नभएकाले विद्यार्थीले अध्ययनमा पर्याप्त समय दिन नसक्नु ।

३) शिक्षकको क्षमता वृद्धिका लागि तालिमको व्यवस्था नहुनु ।

४) प्रभावकारी शिक्षणका लागि आवश्यक शैक्षिक सामग्रीको अभाव हुनु ।

विशेष शिक्षातर्फका अर्का नि.मा. शिक्षकको भनाइमा भाषिक कठिनाइका कारण बहिरा विद्यार्थीहरू सबै विषयमा सामान्यत कमजोर छन् । बहिराहरूको भाषिक दक्षता बढाउन सकिएमा वा भाषिक दक्षतापूर्ण ढंगमा शिक्षण-सिकाइ जान सकेमा जुनसुकै विषयमा विद्यार्थीहरू सबल बन्न सक्नेछन् ।

निम्न माध्यमिक महिला शिक्षकको भनाइमा पनि बहिरा विद्यार्थीहरू प्राय सबै विषयमा कमजोर छन् र यसका कारणहरू सांकेतिक भाषामा शब्दको संख्या न्यून हुनु, विद्यार्थीहरूमा भाषिक दक्षता नहुनु, बहिराहरूको बुझ्ने क्षमता पनि कमजोर हुनु, अभ्यास तथा परिश्रम गर्ने बानी कम हुनु आदि मूल कारणहरू हुन् । त्यसै गरी कनकाई मा.वि. का नि.मा. तहका गणित-विज्ञान शिक्षकको भनाइमा साङ्ग वा कान सुन्ने साधारण विद्यार्थीहरू पनि गणितमा तुलनात्मक रूपमा अन्य विषयहरूभन्दा कमजोर छन् र गणितमा बढी असफल पनि भएका छन् । सामान्य विद्यार्थीहरू जस्तै बहिरा विद्यार्थीहरू पनि गणितमा बढी कमजोर छन् । कान सुन्नेहरूलाई गणित विषयका पाठ/अभ्यासहरू बुझ्न-बुझाउन शिक्षकलाई गाह्रो पर्छ भने कान नसुन्ने बहिरा विद्यार्थीहरूलाई हात हल्लाएर सांकेतिक भाषाको माध्यमले गणित बुझ्न/बुझाउन अत्यन्त कठिन कार्य हो ।

प्राथमिक तहका विशेष शिक्षातर्फका एक शिक्षकको विचारमा बहिरा विद्यार्थीहरू सबै विषयमा कमजोर छन् र यसको मूल कारण शिक्षक-विद्यार्थी दुवैलाई आवश्यक पर्ने सांकेतिक भाषा सम्बन्धी पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको अभाव हो । त्यस्तै प्राथमिक तहकै विशेष शिक्षा तर्फका अर्का शिक्षकको भनाइमा बढी बहिरा विद्यार्थीहरू गणित विषयमा कमजोर देखिन्छन र यसको कारण भाषागत कठिनाइका साथै विद्यार्थीहरूमा सिकाइमा तत्परता कम हुनु हो ।

श्री मोहनमाया नि.मा.वि. का प्र.अ. को भनाइमा बहिरा बाल-बालिकाहरूको स्मरण शक्ति कमजोर भएकाले गणितको सिकाइ उपलब्धि कमजोर देखिन्छ । त्यस्तै श्री हिमाली नि.मा.वि का प्र.अ.को भनाइमा सांकेतिक भाषाको अपर्याप्त विकासले बहिरा बालबालिकाहरू गणितका साथै भाषा विषयमा पनि धेरै कमजोर छन् ।

### ४.२.१ बहिरा विद्यार्थीहरूको सिकाइ उपलब्धि कमजोर हुनका कारणहरू

सबैका लागि शिक्षा (Education for all)-२०१५ को लक्ष प्राप्त गर्न अपाङ्ग अन्तर्गतका बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा दिने प्रमुख दायित्व राज्यको हो । सीमित संख्यामा शैक्षिक पहुँच प्राप्त गरेका बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूको गणित, अंग्रेजी, नेपाली, सामाजिक, विज्ञान आदि विषयहरूको सिकाइ उपलब्धि कमजोर देखियो । यसको कारण के होला भनेर सोधिएको प्रश्नावली तथा अन्तर्वार्ता सूचीमा व्यवस्थापन समिति अध्यक्ष, प्र.अ., शिक्षक, बहिरा विद्यार्थी तथा उनीहरूका अभिभावकहरूले व्यक्त गरेको धारण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.२.१ : बहिरा विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनका कारणहरू**

| *क्र.सं.* | *प्रतिक्रिया* | *उत्तरदाता संख्या* | *प्रतिशत* |
|---|---|---|---|
| १ | विद्यार्थीको स्तरसँग मेल नखाने पाठ्यक्रम तथा पाठ्यपुस्तक | ९ | २२.५ |
| २ | शिक्षण गर्ने समय कम वा नपुग | ८ | २० |
| ३ | सांके.तिक भाषामा अपर्याप्त शब्दहरू | ६ | १५ |
| ४ | तालिम प्राप्त र दक्ष शिक्षकको अभाव | ५ | १२.५ |
| ५ | सिकाइमा विद्यार्थीहरूको कम रुची | ४ | १० |
| ६ | शैक्षिक सामग्री तथा सांकेतिक भाषामा पाठ्य पुस्तकको अभाव | ४ | १० |
| ७ | विद्यालयको कमजोर व्यवस्थापन | ४ | १० |
| | जम्मा | ४० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

माथिको तालिका ४.२.१ को विश्लेषण गर्दा साङ्ग विद्यार्थीहरूका लागि निर्माण गरिएको पाठ्यक्रम बहिरा लगायतका अन्य अपाङ्गहरूको बौद्धिक एवं मानसिक र शारीरिक क्षमतासँग मेल नखाने कारणले सिकाइ उपलब्धिमा कमजोरी देखिएको प्रतिक्रिया ४० जना मध्ये ९ जनाले व्यक्त गरेका छन् । त्यस्तै वर्तमान पाठ्यक्रम अन्तर्गतको सिकाइ उपलब्धि प्राप्त गर्न कम्तिमा प्रत्येक पिरिएड १ घन्टा अवधिको भए मात्र सांकेतिक भाषाको माध्यमबाट ढिलो गतिमा सिकाउन सकिन्छ । वर्तमान अवस्थामा हरेक विषयको शिक्षणमा समय अभावका कारणले पनि सिकाइ उपलब्धि कमजोर भएको प्रतिक्रिया ८ जनाले व्यक्त गरेका छन् । त्यसैगरी सांकेतिक भाषामा शब्दावली अपर्याप्त भएर सिकाइ अवस्था कमजोर भएको प्रतिक्रिया दिनेमा ६ जना, तालिमप्राप्त शिक्षकहरूको अभावको कारण बताउने ५ जना, सिकाइमा बहिरा विद्यार्थीहरूले तत्परता र रुची कम देखाउने कारण बताउने ४ जना, शैक्षिक सामग्री अभावको कारण देखाउने ४ जना तथा विद्यालयको कमजोर व्यवस्थापनको कारण बहिरा बालबालिकाहरूको सिकाइ कमजोर भएको प्रतिक्रिया दिने ४ जना देखिए ।

विद्यालयले उपलब्ध गराएको शैक्षिक सामग्री तथा भौतिक सुविधाका सम्बन्धमा स्रोत व्यक्ति, अध्यक्ष, शिक्षक, विद्यार्थी, अभिभावक तथा प्र.अ. हरूले व्यक्त गरेको धारणा तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.२.२ : विद्यालयले उपलब्ध गराएको शैक्षिक सामग्री तथा भौतिक सुविधाको स्थिति**

| *क.सं.* | *उत्तरदाता* | *उत्तरदाता संख्या* | *प्रतिक्रिया* | | |
|---|---|---|---|---|---|
| | | | *पूर्ण सन्तुष्ट* | *ठिकै* | *असन्तुष्ट* |
| १ | स्रोत व्यक्ति | २ | १ | १ | × |
| २ | अध्यक्ष | ३ | २ | १ | × |
| ३ | प्र.अ. | ३ | १ | २ | × |
| ४ | शिक्षक | ९ | २ | ५ | २ |
| ५ | विद्यार्थी | २५ | ४ | ६ | १५ |
| ६ | अभिभावक | २५ | ६ | ७ | १२ |
| | जम्मा | ६७ | १७ | २० | ३० |
| | प्रतिशत | १०० | २५.३७ | २९.८५ | ४४.७८ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

तालिका ४.२.२ लाई विश्लेषण गर्दा विद्यालयले उपलब्ध गराएको सुविधाप्रति ६७ मध्ये २५.३७% अर्थात १७ जना ले पूर्ण सन्तुष्टि जनएका छन् । २९.८५% अर्थात २० जनाले सामान्य रूपमा सन्तोष व्यक्त गरेका छन् । शिक्षक, विद्यार्थी र अभिभावकको ठूलो अंश ४४.७७% अर्थात ३० जनाले विद्यालयले उपलब्ध गराएको सुविधाप्रति असन्तुष्टि व्यक्त गरेकाले विद्यार्थीको सिकाइ उपलब्धि बढाउन पर्याप्त शैक्षिक सामग्री लगायतका अन्य सुविधाहरू थप गर्नुपर्ने देखिन्छ ।

बहिरा विद्यार्थीहरूको सिकाइ उपलब्धिका सम्बन्धमा सरोकारवालाहरुले व्यक्त गरेको धारणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.२.३ : बहिरा विद्यार्थीहरूको सिकाइ उपलब्धि स्थिति**

| *क.सं.* | *उत्तरदाता* | *उत्तरदाता संख्या* | *प्रतिक्रिया* | | |
|---|---|---|---|---|---|
| | | | *पूर्ण सन्तुष्ट* | *सामान्य* | *असन्तुष्ट* |
| १ | प्र.अ. | 3 | 1 | 2 | |
| २ | शिक्षक | 9 | 2 | 5 | 2 |
| ३ | अध्यक्ष | 3 | | 2 | 1 |
| ४ | अभिभावक | 25 | 7 | 12 | 6 |
| ५ | विद्यार्थी | 25 | 10 | 8 | 7 |
| ६ | स्रोत व्यक्ति | 2 | 1 | 1 | |
| | जम्मा | 67 | 21 | 30 | 16 |
| | प्रतिशत | १०० | ३१.३४ | ४४.७८ | २३.८८ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

तालिका ४.२.३ लाई विश्लेषण गर्दा बहिरा विद्यार्थीहरूको सिकाइ उपलब्धिप्रति विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ., शिक्षकहरू तथा नमुना छनौटमा परेका अभिभावक तथा स्वयं विद्यार्थीहरू जम्मा ६७ जना मध्ये २१ जना वा ३१.३४% ले पूर्ण संतुष्टि व्यक्त गरेका छन् भने ३० जना वा ४४.७८ ले सन्तोषजनक वा सामान्य अवस्था मानेका छन् । तर १६ जना वा करीब २३.८८% ले बहिराहरूको सिकाइ उपलब्धि कमजोर रहेको भनेर असन्तुष्टि व्यक्त गरेका छन् । शिक्षक स्वयं २ जना, अध्यक्ष १ जना, अभिभावक ६ जना तथा विद्यार्थी ७ जनाले बहिराहरूको शैक्षिक अवस्था कमजोर रहेको भनेर असन्तुष्टि प्रकट गरेको हुँदा उनीहरूको शिक्षण सिकाइमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । त्यस्तै कुल ६७ जनामध्ये ३० जना वा ४४.७८% ले सिकाइ उपलब्धिलाई सामान्य ठानेकाले बहिराहरूको शैक्षिक अवस्था सुदृढ बनाउनका लागि पाठ्यक्रम पाठ्यपुस्तकमा सुधार, शिक्षण सामग्रीको प्रयोगसहित सांकेतिक भाषा तालिम प्राप्त दक्ष शिक्षकहरूद्वारा शिक्षण गर्ने व्यवस्था मिलाएर उनीहरूको शैक्षिक अवस्था सुधार गर्नु पर्ने देखिन्छ ।

## ४.३ विद्यालय छोडेका बहिरा बालबालिकाहरूको सामाजिकीकरणको स्थिति

विद्यालय जाने उमेर भएका सम्पूर्ण बहिरा बालबालिकाहरूलाई शिक्षामा पहुँच सर्वसुलभ छैन । जनघनत्व बाक्लो भएको झापा जिल्लामा सांकेतिक भाषामा शिक्षण गरिने ६ वटा स्रोत कक्षाहरू छन् जसमध्ये ६ वटा प्रा.वि.हरूमा ९० जना बहिरा विद्यार्थीहरूलाई भर्ना लिइन्छ । निम्न माध्यमिक र माध्यमिक तहमा एउटा मात्र कनकाई माध्यमिक विद्यालयमा बहिराहरूका लागि सांकेतिक भाषामा अध्ययन गर्नसक्ने सुविधा भएकाले पूर्वाञ्चल तथा अन्य जिल्लाहरूबाटसमेत करिब ७० देखि ८० जना विद्यार्थीहरूलाई भर्ना लिएर अध्यापन गराउँदै आएको पाइयो । यसबाट न्यून संख्यामा मात्र बहिरा विद्यार्थीहरूको विद्यालयमा पहुँच पुगेको देखिन्छ । घर पायक वा नजिक सांकेतिक भाषामा शिक्षण गर्ने विद्यालयहरू नहुने र सबै अभिभावकहरूमा आफ्ना बहिरा र अपाङ्ग छोराछोरीको शिक्षामा बढी चासो र चेतना अभावका कारण घरबाट धेरै टाढाका विद्यालयहरूमा लगेर भर्ना गरेको पाइदैन । यी सबै कारणहरूले सबैका लागि शिक्षा (Education for all)- २०१५ को अन्तराष्ट्रिय शैक्षिक नाराले सार्थकता प्राप्त गर्न सकेको देखिदैन ।

यसै सन्दर्भमा विद्यालयमा भर्ना भएर प्राथमिक तह वा निम्न माध्यमिक र माध्यमिक तहमा केही वर्ष अध्ययन गर्ने अवसर पाएर विविध कारणले विद्यालय छोडेर गाउँ समाजमा बसेका बहिरा बालबालिकाहरूको सामाजिकीकरणको स्थिति के कस्तो पाउनु भयो भनी सोधिएका प्रश्नमा कनकाई मा.वि.का विशेष शिक्षातर्फका मा.वि. शिक्षकको भनाइ यस्तो रहेको छ - बहिरा स्रोत कक्षामा केही वर्ष अध्ययन गरेर विद्यालय छोडेका बालबालिकाहरूको सामाजिक स्थिति सन्तोषप्रद नभए पनि पढदै नपढेका बहिराहरूको भन्दा

सहज देखिन्छ । नपढेका बहिराको तुलनामा थोरै भए पनि शब्द ज्ञान भएका र पढेका बहिराहरूले आमरूपमा कान सुन्ने, मानिसहरूसँग पूर्ण शुद्ध वाक्य नै लेख्न नसके पनि शब्द-शब्द लेखेर सञ्चार सीपको विकास गर्न सकेका छन् । शब्दमात्र पर्याप्त नहोला तर यतिको सञ्चारको भरमा झापाका बहिरा काठमाडौं, भैरहवा र भारतको आसामसम्म पुगेर आएका उदाहरणहरू प्रशस्त छन् । बहिरा विद्यार्थीहरूले विद्यालयमा प्राप्त गरेको शिक्षाले कान सुन्ने विद्यार्थीहरू जत्तिकै सञ्चारमा सक्षम हुन नसके पनि घर समाजमा पढदै नपढेकाभन्दा अलिकति पढेका बहिराहरूलाई सम्मानजनक व्यवहार गर्ने गरेको पाइएको छ । पढेलेखेका बहिराहरू 'लाटा' भनेर ललकारिएको तथा दुष्कारिएको देखिदैन । उनीहरूले पाएको शिक्षा पेशागत रूपले बाँच्न पर्याप्त नहोला तर सामान्य मानवीय व्यवहारको विकास गर्न उनीहरूलाई सहयोग गरेको छ । अर्का मा.वि. अंग्रेजी शिक्षकको भनाइमा विद्यालय छोडेका बालबालिकाहरूको हालको सामाजिक स्थिति सुधार भएको पाइएको छ । समाजमा उनीहरू मिलनसार र अनुशासित देखिएका छन् । विद्यालयमा प्राप्त गरेको शिक्षाले उनीहरूको जीवनमा केहीहदसम्म राम्रै परिवर्तन ल्याएको छ । उनीहरू 'बहिरा' भनेर हेपिने परिपाटीबाट माथि उठेर अरु सामान्य मानिसहरू सरह बाँच्न सफल रहेको निजको विचार देखिन्छ ।

विशेष शिक्षातर्फका अर्का शिक्षकको दृष्टिकोणमा भने अलि भिन्न रहेको पाइयो । उनका अनुसार केही वर्ष विद्यालयमा अध्ययन गरेर विद्यालय छाडेका बालबालिकाहरूको स्थिति दयनीय रहेको छ । केही परिश्रमीहरू ज्याला मजदुरी गरेर जीवन निर्वाह गरिरहेका छन् भने कोही बेरोजगार भएर यताउता भौतारिरहेका छन् । कोही घरेलु कामदार जस्तो तल्लो स्तरमा रहेर जीवन बिताइरहेका छन् । तर पनि विद्यालयमा प्राप्त गरेको शिक्षाले बहिराहरूको सामाजिक जीवनमा परिवर्तन ल्याएको छ । बहिरा भनेको लाटा हुन, पूर्व जन्मको पापको परिणाम हो भन्ने दुष्टिकोण राख्ने मानिसहरूलाई बहिराहरूले शिक्षा प्राप्त गरेर विभिन्न रचनात्मक कार्य गरेर त्यस्ता गलत धारणामा परिसवर्तन ल्याउन सहयोग पुगेको छ । अर्का नि.मा. शिक्षकको भनाइमा विद्यालय छाडेका कतिपय बहिराहरूले रोजगारी समेत पाएका छन् र उनीहरूले प्राप्त गरेको शिक्षाको प्रभावले समाजमा अन्य साङ्ग मानिसहरूसँग घुलमिल गर्दै जीवन निर्वाह गर्न सक्षम भएका छन् । त्यसैगरी एक महिला शिक्षक को भनाइमा विद्यालय छाडेका बहिराहरूको सामाजिक स्थिति सन्तोषजनक नभए पनि सांकेतिक भाषामा सञ्चार सहज भएको छ । उनीहरू आर्थिक रूपमा आत्मनिर्भर बन्न सकेका छैनन । विद्यालयमा प्राप्त गरेको शिक्षाले उनीहरू सामान्य व्यावहारिक हरहिसाब गर्न तथा सांकेतिक भाषाको माध्यमले वा लेखेर समाजका मानिसहरूसँग सञ्चार गर्न सक्छन् ।

कनकाई मा.वि.का विज्ञान शिक्षकको भनाइमा विद्यालयमा प्राप्त गरेको शिक्षाबाट बहिराहरू विभिन्न सामाजिक कामहरू गर्न सक्ने र ठगीबाट बच्न सक्ने क्षमता विकास गर्न सक्षम भएका छन् । केही बहिरा विद्यार्थीहरू उच्च शिक्षा प्राप्त गरिरहेका छन् भने केही

घडी, रेडियो मेकानिक्स तथा फोटोग्राफी पेसा अपनाएर आय आर्जन गरिरहेका छन् । अर्का प्रा.वि. शिक्षकको भनाइमा विद्यालयमा प्राप्त गरेको शिक्षाले विद्यालय छोडेका बहिराहरूको जीवनमा धेरै सकारात्मक परिवर्तनहरू ल्याएको छ । विशेष शिक्षातर्फकै अर्का शिक्षकको विचारमा विद्यालयमा प्राप्त गरेको शिक्षाले उनीहरूको सामाजिक जीवन केही सहज भए पनि खासै उल्लेखनीय परिवर्तन ल्याउन सकेको छैन् ।

### ४.३.१ विद्यालय छोडने बहिरा विद्यार्थीहरूको स्थिति

नमुना क्षेत्रभित्र परेका ३ वटा विद्यालयहरूमध्ये श्री मोहनमाया नि.मा.वि. र श्री हिमाली नि.मा.वि.मा प्राथमिक तहका दुईवटा स्रोत कक्षाहरूमा निर्धारित कोटा २०/२० जना रहेको र आवासीय सुविधा उपलब्ध गराइएकोले विद्यालय छोडने समस्या २०६४ देखि २०६६ सम्म पाइएन । प्रा.वि. तहका दुईवटा स्रोत कक्षामा २० जनाको आवासीय कोटासहित कक्षा ६ देखि १० सम्म सांकेतिक भाषामा अध्यापन गराउने श्री कनकाई मा.वि. सुरुङ्गामा विद्यालयको अध्ययन पूरा गरेर तथा नगरी छोडने बहिरा विद्यार्थीहरूको २०६४ देखि २०६६ सम्मको संख्या निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३.१ : श्री कनकाई मा.वि.बाट २०६४ देखि २०६६ सम्म विद्यालय छाडने तथा एस.एल.सी. उत्तीर्ण गर्ने बहिरा विद्यार्थीको स्थिति**

| *क.सं.* | *साल* | *कक्षा ५ पूरा नगर्ने* | *कक्षा ५ उत्तीर्ण गर्ने* | *कक्षा ८ उत्तीर्ण गर्ने* | *एस.एल.सी उत्तीर्ण गर्ने* |
|---|---|---|---|---|---|
| 1 | 2064 | 3 | 2 | 2 | 2 |
| 2 | 2065 | 2 | 3 | 1 | 6 |
| 3 | 2066 | 4 | 2 | 2 | 7 |
| | ***hDdf*** | ***9*** | ***7*** | ***5*** | ***15*** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

### ४.३.२ विद्यालय छोडेका साक्षर बहिराहरूको सामाजिक स्थिति

माथि प्रस्तुत गरिएको तालिका ४.३.१ बाट श्री कनकाई मा.वि.मा २०६४ देखि २०६६ सम्ममा विद्यालयको अध्ययन पूरा नगरी वा एस.एल.सी. उत्तीर्ण नगरी विद्यालय छोडने बहिराहरूको संख्या जम्मा २१ पाइयो । यसरी विभिन्न कारणले विद्यालय छोडेका

बहिराहरूको सामाजिक स्थितिका बारेमा श्री कनकाई मा.वि. सुरुङ्गा विशेष शिक्षातर्फका आठ जना शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत सात जना सदस्यहरू तथा दस जना सम्बन्धित अभिभावकहरू यस्तो प्रतिक्रिया व्यक्त गर्दछन् ।

**तालिका ४.३.२ : विद्यालय छोडेका साक्षर बहिराहरूको सामाजिक स्थिति**

| *क्र.सं.* | *प्रतिक्रिया* | *उत्तरदाता संख्या* | *प्रतिशत* |
|---|---|---|---|
| 1 | सामान्य रोजगार प्राप्त गर्न सफल भएका छन् । | 5 | 20 |
| 2 | प्राय बेरोजगार छन् र । | 7 | 28 |
| 3 | साक्षर भएकाले लेखेर आफ्नो विचार व्यक्त गर्न सकेकाले जीवनयापन केही सहज बनेको छ । | 6 | 24 |
| 4 | आय आर्जनमा परिवारलाई केही सहयोग पुऱ्याएका छन् । | 4 | 16 |
| 5 | परिवारका लागि बोझ बनेका छन् । | 3 | 12 |

*स्थलगत सर्वेक्षण, २०६७*

तालिका ४.३.२ लाई विश्लेषण गर्दा १२% ले विद्यालय छोडने बहिराहरू परिवारका लागि बोझ बनेका र २८% ले प्राय बेरोजगार छन् भन्ने प्रतिक्रिया दिएको भएता पनि बाँकी अन्यको प्रतिक्रियाबाट साक्षर बनेर विद्यालय छोडेका बहिराहरूले कमसेकम लेखेर भएपनि आफ्ना विचार र आवश्यकताहरूबारे अभिव्यक्ति गर्न सकेकाले निरक्षर बहिराको तुलनामा जीवनयापन केही सहज भएको प्रतिक्रिया दिएका छन् । शारीरिक रूपमा सक्षम तथा साक्षर बहिराहरूमध्ये केहीले विभिन्न व्यावसायिक क्षेत्रमा रोजगारी प्राप्त गर्न सफल भएका छन् जसका लागि विद्यालयमा प्राप्त शिक्षाले सहयोग पुगेको देखिन्छ । त्यस्तै साक्षरता प्राप्त गरेकै कारण सामाजिक जीवनमा विभिन्न संघसंस्थामा संलग्न भएर अपाङ्गप्रति समाजको नकारात्मक धारणामा परिवर्तन ल्याउनसमेत सफल भएका उदाहरणहरू पाइएका छन् भन्ने बारेमा शिक्षक तथा अभिभावकहरूबाट प्रतिक्रिया प्राप्त भएको छ ।

## ४.४ बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूका शिक्षण सिकाइमा रहेका समस्याहरू

बहिरा तथा सुस्त श्रवण वद्यार्थीहरूका विविध शैक्षिक कठिनाइहरूको अध्ययन र विश्लेषण गरिसके पछि त्यस्ता समस्याहरू क्रमशः समाधान गर्दै उनीहरूका कठिनाइहरूको न्यूनीकरण गर्ने क्रममा अध्ययन क्षेत्रभित्र परेका विद्यालयका प्र.अ., वि.व्य.स. का अध्यक्ष,

स्रोत शिक्षकहरू र अभिभावकलाई भेटेर प्रश्नावली तथा अन्तर्वार्ता सूची साधनहरूको प्रयोग गरेर शिक्षण सिकाइमा रहेका समस्याहरू समाधान गर्ने उपायहरूको बारेमा प्रतिक्रिया संकलन गरिएको थियो । उक्त भेटघाटबाट प्राप्त प्रतिक्रिया यस्तो थियो ।

कनकाई मा.वि.विद्यालय व्यवस्थापन समितिका अध्यक्ष - "सरकाले बहिरा तथा सुस्त श्रवणहरूका लागि विशेष नीति तथा कार्यक्रम ल्याउनु पर्छ ।"

श्री हिमाली नि.मा.वि. का प्र.अ. - "हाम्रो विद्यालयबाट कक्षा ५ को अध्ययन पूरा गरेका विद्यार्थीहरू कनकाई मा.वि. सुरुङ्गामा गएका छन् र उनीहरूले पढाइ निरन्तर राख्दै सामाजिक क्रियाकलापमा समेत निकै सकारात्मक प्रगति गरेको पाइएको छ ।"

कनकाई मा.वि. मा विशेष शिक्षातर्फका स्रोत शिक्षक - "निश्चित तह अध्ययन गरेर विद्यालय छाडेका बहिरा विद्यार्थीहरूले समाजमा घुलमिल भएर सामाजिक कार्यगर्न सरिक भएको तथा विभिन्न पेशागत सीपहरू सिकेर सामान्य रोजगारमूलक कार्य गर्दै अन्य सामान्य व्यक्तिहरूसँग लेखेर आफ्नो विचार आदान-प्रदान गर्ने गरेको पाइएको छ ।"

कनकाई मा.वि.का विशेष शिक्षातर्फका माध्यमिक गणित शिक्षक - "बहिरा विद्यार्थीहरूलाई कक्षा १ वा त्योभन्दा मुनिदेखि नै अतिरिक्त विषयका रूपमा 'सांकेतिक भाषा' राखी त्यस विषयमा पारङ्गत बनाउनु पर्छ । त्यस्तै पाठ्यक्रम निर्माण गर्दा बहिराहरूको क्षमता, रुचि र आवश्यकतालाई ध्यान दिएर अलग्गै बनाइनु पर्छ । वर्तमान पाठ्यक्रम तत्काल बदल्न सकिदैन भने बहिराहरूको पठन-पाठन गर्ने समय १ घन्टा बराबरको एक पिरिएड बनाएर तत्काल लागु गर्नुपर्छ ।"

कनकाई मा.वि. विशेष शिक्षातर्फका स्रोत शिक्षक- "पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था तथा शिक्षक तालिमको व्यवस्था गर्नु नितान्त आवश्यक छ ।"

सारांशमा विशेष शिक्षाका नौ जना शिक्षकहरू, तीनजना प्र.अ. तथा तीनजा वि.व्य.स. अध्यक्ष र नमुना छनौटमा परेका अभिभावक र बहिरा विद्यार्थीहरू समेतको सुझावलाई निम्नअनुसार समावेश गरिएको छ ।

बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूका लागि अलग्गै पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्था गरिनु पर्छ । पूर्व प्राथमिक तह देखिनै सांकेतिक भाषाको ज्ञान दिन सुरु गरेर क्रमश माथिल्ला कक्षाहरूमा अतिरिक्त विषयका रूपमा सांकेतिक भाषालाई राखिनु पर्दछ । बहिरा लगायत आपाङ्ग बालबालिकाहरूका लागि विशेष शिक्षा नीति तथा कार्यक्रम निर्माण गरेर लागु गर्नु आवश्यक छ । बहिरा बालबालिकाहरूको उमेर र क्षमताका आधारमा उनीहरूलाई सीपमूलक तालिमको व्यवस्था गरिनु आवश्यक छ । कक्षा शिक्षणको समय बढाएर १ घन्टा बराबरको एक पिरिएड बनाउनु पर्छ । बहिरा बालबालिकाहरूका अभिभावकहरूलाई समेत सांकेतिक भाषाको तालिम आवश्यक छ । सांकेतिक भाषामा विभिन्न विषयहरूका नयाँ शब्दावलीहरूको विकास गरिनु पर्दछ । बहिरा विद्यार्थीहरूको

प्रभावकारी शिक्षणका लागि आवश्यक शैक्षिक सामग्री लगायतको कक्षा कोठाको स्तरीय व्यवस्थापन गरिनु पर्दछ ।

बहिरा विद्यार्थीहरूलाई शिक्षण गर्ने शिक्षकहरूलाई सांकेतिक भाषाका साथै विषयगत शिक्षण तालिमको नियमित व्यवस्था गरिनु पर्दछ । भाषा, गणित र विज्ञान विषयहरूमा प्राविधिक शब्दावलीहरूको संकेत विकास गर्न आवश्यक छ । बहिरा बालबालिकाहरूलाई उनीहरूको रुचि र क्षमता अनुसारका क्रियाकलापहरूमा सहभागी गराइनु पर्दछ । धेरै टाढा र अन्य जिल्लाहरूबाट अध्ययन गर्न आउने बहिरा विद्यार्थीहरूका लागि उपयुक्त वा सुविधायुक्त छात्रावासको व्यवस्था गरिन आवश्यक छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

यस परिच्छेदमा, परिच्छेद चारमा प्रस्तुत गरिएका तथ्याङ्क र तिनको विश्लेषण एवं व्याख्याबाट प्राप्त जानकारीका आधारमा प्राप्तिको सूची तयार गरी सो का आधारमा निष्कर्ष र सुझाव दिने प्रयास गरिएको छ । साथै प्राप्तिहरूलाई अध्ययनको उद्देश्यअनुसार अलगअलग शीर्षकभित्र समेटी अध्ययनबाट प्राप्त नतिजालाई आवश्यकताअनुसार पूर्व साहित्यको अध्ययनसँग सम्बन्धित गरेर प्रस्तुत गरिएको छ ।

## ५.१. प्राप्ति

### ५.१.१ बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूको सिकाइ उपलब्धिको अवस्था

यस अध्ययनको प्रमुख उद्देश्य बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूले सांकेतिक भाषाको माध्यमले के कति सिकाइ उपलब्धि हाँसिल गर्न सकेका छन् र सिकाइको क्रममा कुन विषयमा उनीहरू कमजोर छन् भनेर थाहा पाउनु रहेको छ । यसका लागि छनौटमा परेका विद्यालयहरूमध्ये श्री मोहनमाया नि.मा.वि. चारपानेका कक्षा दुईका नौ जना विद्यार्थीहरूको वार्षिक प्रगति विवरण अध्ययन गर्दा उनीहरूको सिकाइ उपलब्धि प्रभावकारी तथा सन्तोषजनक नै रहेको पाइयो । सोही विद्यालयको २०६५ सालको प्रगति विवरणले पनि जम्मा ७ जना विद्यार्थीहरूको प्रत्येक विषयको औसत प्राप्ताङ्क ६० भन्दा बढी पाइएकोले उक्त विद्यालयको बहिरा बाल-बालिकाहरूको सिकाइको अवस्था अन्य कान सुन्ने बालकहरूको तुलनामा सकारात्मक नै रहेका पाइयो । यस विद्यालयमा २० जना बहिरा तथा सुस्त श्रवण बाल-बालिकाहरूका लागि आवासीय सुविधा रहेको छ । बाल-बालिकाहरूको खानपीन तथा हेरचाहको लागि दुई जना आयाहरूको व्यवस्था गरिएको छ भने शिक्षणका लागि दुई जना सांकेतिक भाषाको तालिम लिएका शिक्षकहरूको व्यवस्था गरिएको छ । यस विद्यालयमा शैक्षिक सत्र २०६६ मा पूर्व प्राथमिक तहमा ११ जना र कक्षा दुईमा ९ जना विद्यार्थीहरू अध्ययनरत पाइयो । विद्यार्थीहरूलाई बस्ने, खाने र पढने अलग-अलग कोठाहरूको व्यवस्था गरेको पाइयो । शैक्षिक सामग्रीहरू तथा अन्य सन्दर्भ सामग्रीहरू भने पर्याप्त पाइएन ।

नमुना छनौटमा परेको अर्को विद्यालय श्री हिमाली नि.मा.वि. लक्ष्मीपुरमा शैक्षिक सत्र २०६६ मा कक्षा ५ मा अध्ययनरत जम्मा १० जनामध्ये ८ जना सफल भई कक्षोन्नति गरिएका र २ जनाले अन्तिम परीक्षामा बिमारीका कारण सामेल नभएर असफल भएको पाइयो । त्यस्तै कक्षा १ मा अध्ययनरत १० जनामध्ये ८ जनाले सबै विषयमा उत्तीर्ण भई सफल भएका र २ जना असफल भएको पाइयो । यस विद्यालयमा पनि २० जना बहिरा विद्यार्थीहरूका लागि खाने-बस्ने लगायतको आवासीय सुविधाका लागि २ जना आया र २ जना शिक्षक रहेको पाइयो । विद्यालयले आफ्नो स्रोत साधनले भ्याएसम्म बहिरा बालबालिकाहरूलाई खाने-बस्ने र पढने अलग-अलग सुविधाजनक कोठाहरूको व्यवस्था गरेको पाइयो ।

नमुना छनौटमा परेको अर्को विद्यालय श्री कनकाई मा.वि. सुरुङ्गा एक मात्र पूर्वाञ्चलमै कक्षा ६ देखि १० सम्म सांकेतिक भाषामा बहिरा विद्यार्थीहरूलाई अध्ययनको सुविधा प्रदान गर्ने सामुदायिक माध्यमिक विद्यालय हो । १८९९ विद्यार्थीमध्ये शैक्षिक सत्र २०६६ मा यस विद्यालयमा जम्मा ८८ जना बहिरा विद्यार्थी अध्ययनरत थिए । वार्षिक परीक्षामा ८८ मध्ये ७९ जना सामेल भएका र ९ जना विविध कारणले अनुपस्थित रहेका पाइयो । परीक्षामा सामेल भएर सफल हुने तथा असफल हुने विद्यार्थीहरूको कक्षागत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.१ : श्री कनकाई मा.वि. सुरुङ्गाको २०६६ सालको वार्षिक परीक्षामा सामेल बहिरा विद्यार्थीहरू**

| *क्र. सं.* | *कक्षा* | *छात्र* | *छात्रा* | *जम्मा* | *सफल* | *असफल* | *असफल भएका विषयहरू* |
|---|---|---|---|---|---|---|---|
| १ | ४ | ४ | ५ | ९ | ९ | × | – |
| २ | ५ | ३ | ४ | ७ | ७ | × | – |
| ३ | ६ | ५ | ७ | १२ | ७ | ५ | गणित, अंग्रेजी, सामाजिक, नेपाली |
| ४ | ७ | ६ | ९ | १५ | १४ | १ | गणित, अंग्रेजी, विज्ञान |
| ५ | ८ | ६ | ८ | १४ | ३ | ११ | गणित, अंग्रेजी, विज्ञान, सामाजिक |
| ६ | ९ | ५ | १० | १५ | १० | ५ | गणित, अंग्रेजी, अर्थशास्त्र, सामाजिक |
| ७ | १० | १ | ६ | ७ | ७ | × | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

कनकाई मा.वि. सुरुङ्गामा प्राथमिक तहमा बहिरा विद्यार्थी अध्ययन गर्नका लागि २० जनाको कोटा प्रदान गरिएको छ । बीस जना विद्यार्थीहरूको आवासीय सुविधाका लागि बस्ने, पढने र खाने प्रयोजनका लागि अलग-अलग कोठाहरूको व्यवस्थापन गरेको पाइयो । प्रा.वि. तहका २ वटा कक्षा तथा कक्षा ६–१० को पठनपाठनका लागि विद्यालयले सुविधायुक्त १० वटा पक्की कोठाहरूको व्यवस्थापन गरेको पाइयो । भौतिक व्यवस्थापन उपयुक्त भए पनि सबै कक्षाका बहिरा विद्यार्थीहरूका लागि आवश्यक सन्दर्भ सामग्री तथा शैक्षिक सामग्रीहरू भने अपर्याप्त रहेको पाइयो ।

यस विद्यालयमा बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूलाई सांकेतिक भाषामा शिक्षण गर्नका लागि देहाय अनुसारका शिक्षकहरू कार्यरत रहेको पाइयो ।

**तालिका ५.१.२ : कनकाई मा.वि.मा विशेष शिक्षातर्फ सांकेतिक भाषाका कार्यरत शिक्षकहरूको विवरण**

| क.सं. | शिक्षकको नाम | तह | योग्यता | तालिम | दरबन्दी |
|---|---|---|---|---|---|
| १ | नवराज भट्टराई | मा.वि. | एम.वि.ए./वि.एड | प्राप्त | राहत |
| २ | शीला देवकोटा | मा.वि. | वि.ए/वि.एड. | प्राप्त | राहत |
| ३ | गोकुल उपेती | मा.वि. | वि.एस्सी | प्राप्त | राहत |
| ४ | गोपाल तामाङ्ग | नि.मा. | आइ.ए. | प्राप्त | राहत |
| ५ | रेणु तामाङ्ग | नि.मा. | वि.ए. | प्राप्त | राहत |
| ६ | गोपाल खरेल | नि.मा. | वि.ए./वि.एड. | प्राप्त | राहत |
| ७ | बेदप्रसाद खतिवडा | प्रा.वि. | एस.एल.सी. | प्राप्त | स्थायी |
| ८ | खेमकुमारी घिमिरे | प्रा.वि. | आइ.ए. | प्राप्त | अस्थायी |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

कनकाई मा.वि. सुरुङ्गाले साधारणतर्फ र विशेष शिक्षातर्फ अलगअलग पठनपाठनको व्यवस्था गरेर बहिरा बालबालिकाहरूलाई माध्यमिक तहको शिक्षा प्राप्त गर्ने अवसर दिने शैक्षिक केन्द्रको रूपमा विकसित हुँदै गएको पाइयो । पूर्वाञ्चलका विभिन्न जिल्लाहरू तथा अन्य जिल्लाहरूबाट समेत अभिभावकहरूले आफ्ना बहिरा छोरा-छोरीहरूलाई कक्षा ६ देखि माथि अध्ययन गर्न यहाँ ल्याएको पाइयो । यस विद्यालयमा देखिएको मूल समस्या भनेको कक्षा ६-१० मा अध्ययन गर्न अन्य विभिन्न जिल्ला र झापाकै दुर्गम र टाढाबाट आउने बहिरा विद्यार्थीहरूले छात्रावासको सुविधा पाएका छैनन् जसले गर्दा डेरा खोजेर बस्नु पर्दा समायोजनमा विविध कठिनाई भएको पाइयो ।

छनौटमा परेका तीनवटा विद्यालयहरूमध्ये मोहनमाया नि.मा.वि.मा जम्मा २० जना हिमाली नि.मा.वि.मा २० मध्ये १८ जना र कनकाई मा.वि. मा ७९ जनामध्ये ५७ जना बहिरा बालबालिकाहरूले जोन डिवेको सांकेतिक अन्तरक्रियाको सिद्धान्तलाई मूर्त रूप दिएर सफलता प्राप्त गरेको पाइयो ।

## ५.१.२ विषयगत रूपमा सिकाइ उपलब्धिका कमजोर पक्षहरू

बहिरा विद्यार्थीहरू न्यून भाषिक क्षमताका कारण अन्य सामान्य कान सुन्ने विद्यार्थीहरूको तुलनामा प्रत्येक विषयको सिकाइ उपलब्धिमा केही कमजोर नै पाइयो । भाषाको स्तर दयनीय रहेकाले शिक्षकले सांकेतिक भाषामा शिक्षण गर्दा पनि सबै विषयवस्तुलाई बहिरा विद्यार्थीहरले अर्थपूर्ण ढङ्गमा ग्रहण गर्न सक्दैनन् । उनीहरूमा शब्दको ज्ञान अत्यन्त सीमित छ अथवा शब्द भण्डार न्यून र कमजोर छ । यसो हुनुको मूल कारण

सीमित शब्दहरूको मात्र सांकेतीकरण गरिनु हो अथवा सांकेतिक भाषाको अपर्याप्त विकास र कमजोर अवस्था हो ।

विभिन्न विषयहरूमध्ये तुलनात्मक रूपमा बहिरा विद्यार्थीहरू गणित विषयमा बढी कमजोर पाइए । यसो हुनुको प्रमुख कारण विभिन्न गणितीय क्रियाहरूलाई अर्थपूर्ण रूपमा शिक्षण-सिकाइ गर्न न्यून भाषिक क्षमता नै कारक तत्त्व रहेको पाइयो । गणित पछाडि अंग्रेजी, विज्ञान, सामाजिक आदि विषयहरूमा समेत बहिरा विद्यार्थीहरूको शैक्षिकस्तर कमजोर रहेको पाइयो । समग्रमा न्यून भाषिक क्षमता तथा सांकेतिक भाषामा सबै शब्दहरूको सांकेतीकरण गर्न नसकेको अवस्था, दक्ष र तालिम प्राप्त शिक्षकको अभाव तथा आवश्यक शैक्षिक सामग्रीको प्रयोग विनाको शिक्षण आदि कारणहरूले गर्दा गणित लगायतका विभिन्न विषयमा बहिरा बाल-बालिकाहरूको सिकाइ उपलब्धि कमजोर रहेको पाइयो । यस बारेमा विद्यालय व्यवस्थापन समिति अध्यक्षहरू, प्र.अ. तथा शिक्षकहरू, विद्यार्थी र उनीहरूका अभिभावकलाई बहिरा बालबालिकाहरू गणित लगायतका अन्य विषयहरूमा किन कमजोर सिकाइ उपलब्धि देखियो भन्ने प्रश्नमा २२.५ प्रतिशतले शिक्षण गर्ने समय कम वा नपुग भएकाले, १५ प्रतिशतले सांकेतिक भाषाको अपर्याप्त शब्दभण्डारले, १० प्रतिशतले विद्यालयको कमजोर व्यवस्थापन रहेको दृष्टिकोण व्यक्त गरेको पाइयो ।

अध्ययन क्षेत्रभित्र परेका विद्यालयहरूमा उपलब्ध शैक्षिक सामग्रीहरूलाई हेर्दा तीनवटै विद्यालयको भौतिक अवस्था फरकफरक पाइयो । श्री कनकाई मा.वि. मा कक्षा ६ देखि १० सम्म र प्रा.वि. तहका दुईवटा कक्षाहरूको पठनपाठन गरिने हुँदा भौतिक सामग्री तथा सन्दर्भ सामग्रीहरू बढी संख्यामा पाइयो तर पर्याप्त र पूर्ण सन्तोषजनक अवस्था रहेका पाइएन । यस विद्यालयमा देखिएको ठूलो अभाव भनेको विभिन्न जिल्ला वा टाढाबाट अध्ययनका लागि आएका विद्यार्थीहरूका लागि छात्रावासको व्यवस्था छैन । यसले गर्दा विद्यार्थीहरूलाई अध्ययन गर्न कठिनाई भएको पाइयो । श्री मोहनमाया नि.मा.वि. मा प्राथमिक तहका दुई वटा कक्षाका लागि १०/१० जना गरी जम्मा २० जना विद्यार्थीका लागि आवासीय सुविधा भए पनि भौतिक अवस्था तथा शैक्षिक र सन्दर्भ सामग्रीको अपर्याप्त अवस्था रहेको पाइयो । श्री हिमाली नि.मा.वि.ले कक्षा कोठाहरूको भौतिक व्यवस्थापन तथा २० जना आवासीय विद्यार्थीहरूका लागि उपयुक्त बसाइ व्यवस्थापन गरेको पाइयो तर शैक्षिक सामग्री र सन्दर्भ सामग्रीहरूको व्यवस्था पर्याप्त भएको पाइएन ।

बहिरा विद्यार्थीहरू गणित, अंग्रेजी, विज्ञान, सामाजिक आदि विषयमा कमजोर हुने कारणहरू स्थलगत अध्ययनको आधारमा भएका प्राप्तिहरूलाई देहाय अनुसार बुँदागत गर्ने प्रयास गरिएको छ ।

१. बहिरा विद्यार्थीहरूका लागि आवश्यक सबै शब्दहरूको सांकेतीकरण हुन नसकेको पाइयो ।

२. शिक्षक एवं प्र.अ.हरू, अभिभावकहरू लगायतका सरोकारवालाहरूको दृष्टिकोणमा वर्तमान पाठ्यक्रम बहिराहरूको स्तर अनुकुल नभएको र बढी बोझिलो भएको पाइयो ।

३. विद्यालयहरूमा बहिरा विद्यार्थीको आवश्यकताअनुसार शैक्षिक सामग्री, सन्दर्भ सामग्री र भौतिक सामग्रीको व्यवस्था उपयुक्त र सन्तोषजनक अवस्थामा नरहेको पाइयो ।

४. शिक्षहरूले सांकेतिक भाषाको सामान्य तालिम लिएता पनि उनीहरूलाई विषयगत तथा पूनर्ताजगी तालिमको व्यवस्था गरेको पाइएन ।

५. सीमित शब्दावली, पाठ्यक्रम र पुस्तकका सबै शब्दहरू सांकेतिक भाषाको शब्दकोषमा नपाइनु र एउटै संकेतका अनेक अर्थ लाग्ने जस्ता समस्याले बहिरा बालबालिकालाई अन्य विद्यार्थीहरू सरहको पाठ्यक्रम अध्यापन गराउन समस्या रहेको पाइयो ।

६. शिक्षकले सांकेतिक भाषामा बहिरा विद्यार्थीहरूलाई शिक्षण गर्दा बढी समय लाग्ने तर पाठ्यक्रमले निर्धारण गरेको समय कम भएर शिक्षणमा समस्या भएको पाइयो ।

७. गणित, विज्ञान र अंग्रेजी जस्ता विषयहरूको सिकाइ उपलब्धि कमजोर हुने प्रमुख कारण ती विषयका प्राविधिक शब्दावलीहरू, सूत्रहरू आदिको संकेत निर्माण कम मात्रामा वा अपर्याप्त हुनाले गर्दा कमजोर भएको पाइयो ।

### ५.१.३ विद्यालय छोडेका बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूको सामाजिकीकरणको स्थिति

झापा जिल्लामा २०५३ सालदेखि विशेष शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएको पाइयो । विगत १३/१४ वर्षको अवधिमा विशेष शिक्षा कार्यक्रमले खास गति लिन सकेको देखिदैन । बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूका लागि सांकेतिक भाषाको माध्यमबाट शिक्षण गर्ने झापा जिल्लामा जम्मा ६ वटा मात्र स्रोत कक्षाहरूले सबै बहिरा बालबालिकालाई शैक्षिक पहुँच प्राप्त भएको पाइदैन । प्राथमिक तहका स्रोत कक्षाहरूमा निश्चित कोटाको आधारमा विद्यार्थी भर्ना गरिने परिपाटीले गर्दा पनि सम्पूर्ण बहिरा तथा सुस्त श्रवण बालबालिकालाई शैक्षिक पहुँचभित्र समेटन सकेको देखिएन । उदाहरणका लागि झापा जिल्लामा प्रा.वि. तहमा ६ वटा स्रोत कक्षाहरूमा ९० जना बहिरा बालबालिकाहरूलाई मात्र अध्ययनका लागि भर्ना लिइने गरेको पाइयो । श्री कनकाई मा.वि. सुरुङ्गामा कक्षा ६ देखि १० सम्म तथा दुईवटा प्रा.वि. तहका कक्षाहरूसमेत गरी शैक्षिक-सत्र २०६६ मा जम्मा ८८ जना भर्ना भएर ७९ जना मात्र अन्तिम परीक्षामा सामेल भएको पाइयो । हाल सञ्चालनमा रहेको विशेष शिक्षा कार्यक्रमले बहिरा बालबालिकाहरूलाई साक्षर गराइ अन्य पेशागत सीप प्रदान गरी साधारण नागरिक सरह जीवनयापन गर्न सक्ने लक्ष लिए पनि व्यवहारमा उनीहरूलाई साक्षर बनाउनेभन्दा माथि उठन सकेको पाइदैन ।

छिटपुटरूपमा बहिराहरूलाई पठन-पाठनसँगसँगै कहिले काँहि केही पेशागत सीप सिकाउने कार्यक्रमहरू सञ्चालन हुने गरेको पाइयो । यस्तो अवस्थामा विद्यालयमा केही वर्ष अध्ययन गरेर विद्यालय छोडेका विद्यार्थीहरूको सामाजिक स्थितिको लेखाजोखा गर्नु यस अध्ययनको एउटा उद्देश्य रहेको थियो । यस क्रममा विद्यालय छोडेका बालबालिकाहरू, उनीहरूका अभिभावकहरू, स्रोत शिक्षक एवं प्र.अ.हरूको दृष्टिकोणको आधारमा प्राप्ती निम्नअनुसार प्रस्तुत गरिएको छ ।

पढदै नपढेका बहिराहरूभन्दा केही वर्ष विद्यालयमा पढेर विद्यालय छोडेका बालबालिकाहरूले कान सुन्ने मानिसहरूसँग पूर्ण शुद्ध वाक्य लेख्न नसके पनि तथा शब्द-शब्द लेखेर भएपनि सञ्चार गर्न सकेको पाइयो । पढेलेखेका बहिराहरूलाई समाजमा 'लाटा-बहिरा' भनेर हेपिएको पाइएन र उनीहरूलाई सम्मानजनक व्यवहार गरी आवश्यक सहयोग समेत गरेको पाइयो । बहिरा भनेका लाटा हुन् र पूर्व जन्मको पापाको परिणाम हो भन्ने दृष्टिकोण राख्ने अशिक्षित मानिसहरूमा समेत साक्षर बहिराहरूले समाजमा गरेको रचनात्मक कार्यहरूबाट त्यस्ता गलत धारणामा क्रमशः परिवर्तन आउन थालेको पाइयो । विद्यालयमा प्राप्त गरेको शिक्षाले बहिरा बालबालिकाहरू सामान्य व्यावहारिक हरहिसाब गर्न तथा सांकेतिक भाषाको माध्यमले समाजका मानिसहरूसँग दोहोरो सञ्चार गरी आफ्ना विचार र भावनाहरू अभिव्यक्त गर्न सकेको पाइयो । साक्षर भएर विद्यालय छोडेका कतिपय बहिराहरूले रोजगारी समेत पाएका छन् र उनीहरूले विद्यालयमा प्राप्त गरेको शिक्षाको प्रभावले समाजका अन्य साङ्ग मानिसहरूसँग घुलमिल गर्दै जीवननिर्वाह गर्न सजिलो भएको पाइयो ।

### ५.१.४ समस्या समाधानका लागि सुझावहरू

बहिरा तथा सुस्त श्रवण बहिर बालबालिकाहरूको सिकाइ उपलब्धिमा भएको कमजोरी हटाउँदै शिक्षण सिकाइमा रहेका समस्या समाधान गर्न नमुना क्षेत्रमा रहेका विद्यालय व्यवस्थापन समिति अध्यक्ष, स्रोतव्यक्ति, प्र.अ., स्रोतशिक्षक, अभिभावक तथा विद्यार्थीहरूबाट विभिन्न सुझावहरू प्राप्त भएका छन् । प्रत्येक कक्षाका बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूका लागि हावा र प्रकाश सजिलै आउने, विद्यार्थीको उचाइअनुसारका मिल्दा डेस्क, बेन्चहरू तथा आवश्यक शिक्षण सामग्रीहरूसहितका अलगअलग कक्षा कोठाहरू व्यवस्था गर्नुपर्ने धारणा रहेको पाइयो । सिकाइ उपलब्धि कमजोर हुनुमा अधिकांश सरोकारवालाहरूले सांकेतिक भाषाको कमजोर अवस्थातर्फ औंल्याएकाले विशेष शिक्षातर्फका सबै शिक्षकहरूलाई सांकेतिक भाषाका सम्बन्धमा नियमित रूपमा तालिम दिइनु पर्ने तथा विज्ञहरू समेतको सहयोग लिएर सांकेतिक भाषाको शब्दभण्डार बढाउनुपर्ने धारणा रहेको पाइयो ।

बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूलाई हाल दिइरहेको साधारण शिक्षाले साक्षर बनाएर सामान्य ज्ञान तथा साधारण हिसाब गर्न सक्षम बनाएको पाइयो । साक्षर

भएर मात्र वर्तमान प्रतिस्पर्धाको युगमा बहिरा बालबालिकाहरू अन्य साङ्ग व्यक्तिहरूसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । उनीहरूको प्रमुख कठिनाइ भाषागत भएकाले आवश्यक मात्रामा सांकेतिक भाषामा प्राविधिक र व्यावसायिक शब्दहरूको विकास गरेर उनीहरूलाई सीपमूलक प्राविधिक तथा व्यावसायिक र गुणस्तरीय शिक्षा दिएर सक्षम र स्वावलम्वी बनाउनु पर्ने आवश्यकता रहेको विचार सबैजसोले व्यक्त गरेको पाइयो । बहिराहरूका लागि छुट्टै पाठ्यक्रम निर्माण गरी सांकेतिक भाषामा पाठ्यपुस्तक निकाल्ने र सांकेतिक भाषाकै सन्दर्भ सामग्रीहरू प्रयोग गरेर शिक्षण गर्नुपर्ने धारणा व्यक्त गरेको पाइयो । त्यसैगरी बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूको समुन्नतिका लागि उपयुक्त सीपमूलक शिक्षा तथा रोजगारी सम्बन्धमा विशेष नीति तथा कार्यक्रमको घोषणा गरी स्थानीय निकायहरूलाई जिम्मेवारी दिनुपर्नेसमेत धारणा रहेको पाइयो ।

## ५.२. निष्कर्ष

उपर्युक्त प्राप्तिहरूका आधारमा अध्ययनका निष्कर्षहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूको सिकाइ उपलब्धि कमजोर रहेको देखियो । नमुना क्षेत्रका तीनवटा विद्यालयका विभिन्न कक्षाका बहिरा तथा सुस्त श्रवण बालबालिकाहरको विषयगत सिकाइ उपलब्धिलाई तुलना गर्दा गणित विषयमा सबभन्दा बढी कमजो रहेका छन् । साथै भाषा र अन्य विषयहरूमा समेत बहिरा विद्यार्थीहरू कमजोर नै देखिएका छन् । यसो हुनाको प्रमुख कारण उनीहरूको भाषिक क्षमता न्यून हुनु हो । बहिरा विद्यार्थीहरूमा सांकेतिक भाषाका औपचारिक शब्दहरूको ज्ञान अत्यन्त सीमित छ । जसले गर्दा शिक्षण गर्दा शब्दको अर्थ बुझ्न र बुझेको शब्दलाई स्पस्ट अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नसक्ने क्षमताको अभाव छ । त्यसैले बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूको सिकाइ सम्बन्धी प्रमुख समस्या उपयुक्त सञ्चारको अभाव हो । कान सुन्ने साधारण विद्यार्थीहरूका लागि निर्माण गरिएको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूका लागि समेत प्रयोग गरिएकाले तथा बहिराहरूलाई शिक्षण गर्ने समय कम भएका कारण बढी बोझिलो छ । विषयवस्तुको ज्ञान पर्याप्त भएका र सांकेतिक भाषामा शारीरिक हाउभाऊसहितको दक्षता भएका शिक्षकहरूद्वारा शिक्षण गरिएमा मात्र सिकाइ उपलब्धि वृद्धि हुन सक्छ । सांकेतिक भाषाका पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको अभाव छ । त्यसैले सांकेतिक भाषाका तालिम प्राप्त र दक्ष शिक्षकहरूद्वारा आवश्यक शिक्षण सामग्रीहरूको प्रयोग गरी शिक्षण गरेमा मात्र सिकाइ उपलब्धि प्रभावकारी र गुणस्तरीय हुन सक्दछ । कान नसुन्ने बहिरा विद्यार्थीहरूको सिक्ने प्रमुख माध्यम आँखा भएकाले सामग्री प्रयोग गरी शिक्षण गर्दा आँखाले देखेको कुरा तथा सामग्रीसहित देखेर तथा गरेर सिकेको कुरा स्मरण गर्न सजिलो हुनेहुँदा यस्ता शैक्षिक सामग्रीहरूको प्रयोग दक्ष शिक्षकबाट हुनु पर्दछ ।

बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूका लागि सांकेतिक भाषाको माध्यमले शिक्षा दिन सुरु गरिएपछि समाजमा उनीहरू प्रतिको धारणा सकारात्मक बन्दै गएको छ । झापा जिल्लामा प्राथमिक तहमा ६ वटा विद्यालयमा सिमित संख्यामा मात्र बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूलाई भर्ना लिइने हुँदा शिक्षा प्राप्त गर्नबाट बञ्चित विद्यार्थीहरूलाई शिक्षा प्राप्त गर्ने अवसर दिलाउन सम्बन्धित पक्षहरूले आ-आफ्नो स्थानबाट पहल गर्नुपर्ने आवश्यकता रहेको देखिएको छ । विद्यालयमा प्रवेश पाएर प्राथमिक तहसम्मको अध्ययन गरेर विद्यालय छोडेका बहिरा तथा सुस्त श्रवणहरूले कमसेकम साक्षर भएकाले उनीहरूमा केही गर्न सक्छु भन्ने भावना विकास भएको हुँदा र अरु मानिसहरूसँग लेखेर भए पनि दोहोरो सञ्चार स्थापना गर्न सकेका कारण उनीहरूको सामाजिक जीवन केही सहज बनेको देखिन्छ । प्राथमिक तहमा आवासीय सुविधासहितको छात्रवृत्ति पाएका कारण अध्ययनलाई निरन्तरता दिएकाले विद्यालय छोडने दर (Drop out rate) न्यून छ । तर कक्षा ६ देखि माथि छात्रवृत्ति पाए पनि आवासीय सुविधाको अभावमा तथा अभिभावकहरूको कमजोर आर्थिक अवस्था र कमजोर चेतनाका कारण विद्यार्थीहरूले विद्यालय छोडने दर प्राथमिक तहको तुलनामा बढी छ । झापा बाहिर अन्य टाढाका जिल्लाहरू तथा झापाकै दुर्गम स्थानहरूबाट अध्ययन गर्न आउने बहिरा विद्यार्थीहरूलाई 'क' वर्गको छात्रवृत्ति (हालको व्यवस्थाअनुसार रु. १३०००। वार्षिक) उपलब्ध गराएर तथा विद्यालयमा छात्रावासको व्यवस्था गरी आवासीय सुविधा उपलब्ध गराएर विद्यालय छोडने दरलाई न्यून गराउन सकिन्छ । बहिरा लगायतका अपाङ्गहरूको शिक्षा र रोजगार सम्बन्धमा राष्ट्रिय नीति निर्माण गरी स्थानीय निकायहरूलाई अधिकार सम्पन्न गराइ जिम्मेवारी दिएर नीति कार्यान्वयन गरी अपाङ्गहरूको सर्वाङ्गीण विकास गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

## ५.३ सुझाव

अध्ययनको नमुना क्षेत्रका तीनवटा बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूका लागि आवासीय विद्यालयहरूबाट प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण र अध्ययन गर्ने क्रममा संलग्न विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, स्रोत व्यक्ति, प्र.अ. तथा स्रोत शिक्षकहरू र बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूका अभिभावकहरूसँगबाट समेत समस्या समाधानका लागि दिइएका सुझावहरूलाई समेटेर समस्या समाधानका लागि स्थानीय तह तथा केन्द्रीय तह र अनुसन्धान तहका लागि अलगअलग सुझावहरू देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीति निर्माण गर्ने केन्द्रीय तहका लागि सुझाव

हालसम्म पनि राष्ट्रिय पाठ्यक्रममा विशेष शिक्षा सम्बन्धी पाठ्यक्रम समावेश गर्न सकिएको छैन । अतः बहिरा तथा सुस्त श्रवण लगायतका अन्य अपाङ्गहरूलाई समेत समेटने विशेष शिक्षालाई पनि राष्ट्रिय पाठ्यक्रमभित्र समेटेर विशेष शिक्षा सम्बन्धी छुट्टै पाठ्यक्रम निर्माण गरिनु पर्दछ । हाल सञ्चालन भइरहेका स्रोत कक्षाहरूमा बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूका लागि उपयोगी हुने कुनै किसिमका पाठ्यपुस्तक भएको पुस्तकालयको

व्यवस्था भएको देखिदैन । त्यसैले आपाङ्गता अनुकुल आवश्यक पाठ्यपुस्तक एवं सन्दर्भ सामग्री सहितको पुस्तकालयको व्यवस्था गरिनु पर्दछ । बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूका लागि उनीहरूका आवश्यकता अनुरूपका छुट्टै पाठ्यपुस्तक, सन्दर्भ सामग्री तथा शिक्षण सामग्रीहरू निर्माण गर्ने नीति बनाएर कार्यान्वयन गरिनु पर्दछ । विज्ञहरूको कार्यदल बनाएर तथा राष्ट्रिय बहिरा संघका प्रतिनिधिहरूसमेतको सहभागितामा सांकेतिक भाषामा शब्दभण्डार बढाउनु पर्ने साथै बहिराहरूका लागि पाठ्यपुस्कहरू पनि क्रमश सांकेतिक भाषामा समेत प्रकाशन गर्नुपर्ने देखिन्छ । बहिराहरूलाई शिक्षण गर्न सकेसम्म शिक्षित तथा योग्य बहिराहरूलाई नै शिक्षकको रूपमा छनौट गर्नुपर्ने । बहिरा विद्यार्थीहरूलाई शिक्षण गर्ने शिक्षकहरूलाई विषयगत तथा सांकेतिक भाषा सम्बन्धी तालिमहरूलाई नियमित गराउनु आवश्यक छ । बहिराहरूको अपाङ्गतालाई ध्यान दिंदै उनीहरूलाई सीपमूलक र प्राविधिक शिक्षा वा आफै अर्थोपार्जन गरी स्वावलम्वी बन्न सक्ने शिक्षाका लाग उपयुक्त पाठ्यक्रमको विकास गरेर लागु गरिनु पर्छ ।

विशेष शिक्षा सञ्चालनका लागि स्थानीय निकायका साथै स्थानीय बहिरा संघहरूलाई जिम्मेवारी दिई सहभागी बनाउनुका साथै पाठ्यक्रम निर्माण गर्दा र बहिरा तथा सुस्त श्रवण सम्बन्धी विभिन्न कार्यक्रमहरू तय गर्दा बहिरा संघसंस्थाहरूको परामश लिनु आवश्यक छ । बहिरा विद्यार्थीहरूलाई प्रदान गरिने छात्रवृत्तिका लागि हाल प्रचलनमा रहेको वर्गीकरण गर्ने प्रक्रियालाई कायमै राखी वर्षेनी हुने मुद्रास्फीति तथा मूल्यवृद्धिलाई ध्यान दिंदै छात्रवृत्तिको रकम वृद्धि गर्दैजाने नीति निर्माण गरी कार्यान्वयन गरिनु पर्ने देखिन्छ । एस.एल.सी. उत्तीर्ण गरेका बहिरा विद्यार्थीहरूको उच्च शिक्षाका लागि छात्रवृत्तिसहितको उपयुक्त शैक्षिक कार्यक्रम बनाएर सक्षम बहिराहरूलाई उच्च शिक्षाको अवसर प्रदान गर्नु आवश्यक छ । बहिरो तथा लाटो हुनु अघिल्लो जन्मको पापको फलको परिणाम हो भन्ने मान्यता राख्ने अशिक्षित तथा पिछडिएको समाजमा सरकारी तवरबाट बहिरा बालबालिकाको शैक्षिक पहुँचका लागि सामाजिक अवरोध बिरुद्ध चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने देखिन्छ । बहिरा तथा सुस्त श्रवण लगायतका अन्य अपाङ्गहरू कहाँ, के, कति संख्यामा छन् भनेर थाहा पाउन गा.वि.स., जि.वि.स. तथा नगरपालिकाहरू मार्फत तथ्याङ्क संकलन गरेर आवश्यकताका आधारमा स्रोत कक्षाहरू थप गर्ने नीति अवलम्बन गरिनु आवश्यक छ । विशेष शिक्षा सञ्चालित विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ. तथा शिक्षकहरूको भेला गरी अभिमुखीकरण कार्यक्रम, अन्तरक्रिया कार्यक्रम वा तालिमहरू नियमित रूपमा सञ्चालन गरिनु पर्दछ ।

## ५.३.२ विद्यालय तथा स्थानीय तहका लागि सुझाव

बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूको सिकाइ सम्बन्धी प्रमुख समस्या नै उपयुक्त सञ्चारको अभाव भएकाले सांकेतिक भाषामा दक्ष शिक्षकहरूको व्यवस्था गर्नुपर्ने देखिन्छ । विद्यालयहरूले बहिरा विद्यार्थीहरूलाई शिक्षण गर्ने शिक्षकहरूलाई विषयगत तथा सांकेतिक

भाषा सम्बन्धी तालिममा अनिवार्य रूपमा सहभागी गराउँन आवश्यक छ । गणित, अंग्रेजी, नेपाली, विज्ञान लगायतका विषयहरूमा बहिरा तथा सुस्त श्रवण बालबालिकाहरूको सिकाइ उपलब्धि बढी कमजोर भएकाले सम्बन्धित विषय शिक्षकहरूले विद्यार्थीको व्यक्तिगत कमजोरी पहिचान गरी उपयुक्त शिक्षण सामग्री र विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गरी शिक्षण सुधार गने आवश्यक छ । शिक्षक नियुक्ति गर्दा सांकेतिक भाषाको तालिमलाई अनिवार्य पूर्वसर्त मानेर तथा अपाङ्गहरूप्रति संवेदनशील व्यक्तिको छनौट गर्नु उपयुक्त हुन्छ । नियमित कक्षा समयले मात्र शैक्षिक सामग्री प्रयोग गरी सांकेतिक भाषामा शिक्षण गरी पाठ्यक्रम पूरा गर्न समय अपुग भएको हुँदा शिक्षकहरूलाई केही सुविधा थप गरी अतिरिक्त समयमा समेत शिक्षण गर्ने व्यवस्था विद्यालयले मिलाउन आवश्यक देखिन्छ । साक्षर भइसकेका तर पढाइमा कमजोर भई माथिल्लो कक्षामा अध्ययन गर्न नसक्ने तथा अन्य इच्छुक बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूलाई सीपमूलक तथा व्यावसायिक तालिम प्रदान गरेर आत्मनिर्भर बन्न सहयोग गर्नुपर्ने देखिन्छ । बहिरा विद्यार्थीहका लागि उपयोगी पुस्तक तथा सन्दर्भ सामग्रीसहितको पुस्तकालय तथा खेलकुदको उपयुक्त व्यवस्था गर्नु पर्दछ ।

विद्यालयमा बहिरा विद्यार्थीहरूप्रति सहयोगी तथा बाल मैत्रीपूर्ण वातावरण सृजना गर्न अन्य साङ्ग विद्यार्थीहरूलाई उत्प्रेरित गर्नु पर्दछ । आवासमा बस्ने बहिरा विद्यार्थीहरूका लागि पोषणयुक्त खानाको व्यवस्था गर्ने साथै नियमित स्वास्थ्य परीक्षण गरी आवश्यक औषधि र चिकित्सक सेवाको नियमित व्यवस्था गरिनु पर्छ । बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूको सिक्ने प्रमुख ज्ञानेन्द्रिय आँखा भएकाले देखेर तथा गरेर सिक्नका लागि आवश्यक शैक्षिक सामग्री तथा सन्दर्भ सामग्रीहरूको व्यवस्था विद्यालयले गर्नु पर्दछ । छात्रवृत्तिका लागि बहिरा बालबालिकाहरूका अभिभावकहरूको आर्थिक अवस्थाका आधारमा वर्गीकृत गरी जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्न आवश्यक देखिन्छ । निम्न माध्यमिक तथा माध्यमिक तहका प्रत्येक कक्षाका विद्यार्थीहरूलाई अलगअलग कक्षा कोठाको व्यवस्था गरी आवश्यक संख्यामा बस्न सुविधाजनक डेस्क बेञ्चहरूको प्रबन्ध मिलाउनु पर्दछ । कक्षा ६ देखि १० सम्म अध्ययन गर्न विभिन्न जिल्लाहरूबाट तथा झापाका दुर्गम स्थानहरूबाटसमेत आउने विद्यार्थीहरूका लागि छात्रावास भवन निर्माण गर्न विद्यालयले स्थानीय निकाय तथा NGO/INGO हरूसमेतको सहयोग लिने वातावरण मिलाउन आवश्यक छ । बहिरा विद्यार्थीहरूका अभिभावकहरूलाई समेत विद्यालयले सांकेतिक भाषा तथा अभिभावक शिक्षा सम्बन्धी तालिमको व्यवस्थाका लागि गा.वि.स. लगायतका सामाजिक संघसंस्थाहरूसँग विद्यालयले सहकार्य गर्नु पर्दछ । बहिरा विद्यार्थीहरूको शिक्षणका लागि सिमित विद्यालयहरूमा निश्चित कोटामा भर्ना लिइने हुँदा त्यसमा प्रवेश नपाएका बहिरा विद्यार्थीहरूलाई शिक्षाको पहुँच पुऱ्याउन सम्बन्धित सबैले आ-आफ्नो स्थानबाट पहल गर्न आवश्यक देखिन्छ ।

### ५.३.३ अनुसन्धान तहका लागि सुझाव

यो शोधपत्रमा सिमित क्षेत्रका बहिरा बालबालिकाहरुको सिकाइ उपलब्धिको लेखाजोखा गरेर उनीहरु गणित र भाषा विषयहरुमा धेरै कमजोर भएको निष्कर्ष निकालिएको छ । यस क्षेत्रमा अनुसन्धानको रुचि वा इच्छा राख्ने अनुसन्धानकर्ताहरुलाई बहिरा तथा सुस्त श्रवण बालबालिकाहरुका लागि कस्तो पाठ्यक्रम अनुकूल हुन्छ, उनीहरुलाई के कस्ता सीपमूलक, प्राविधिक तथा व्यावसायिक विषयहरु शिक्षण गर्न सकिन्छ र के कस्ता शिक्षण सामग्री तथा शिक्षण विधिहरुको प्रयोग गरेर उनीहरुको सिकाइ उपलब्धिलाई सुधार गर्न सकिन्छ भन्ने शीर्षकहरुमा अनुसन्धान गर्नका लागि सुझाव दिइन्छ ।

Ministry of Education (2002), *Education for all,* Nepal National Plan of Action, Kathmandu : Author

अधिकारी, किसानप्रसाद (२०६२), *शारीरिक अपाङ्गहरूको शिक्षा तथा रोजगार व्यवस्थापन,* : त्रि.वि. (स्नातकोत्तर तहको शोधपत्र) ।

काठमाडौं बहिरा संघ (२०५७), *बहिरा आवाज,* काठमाडौं, मासिक, वर्ष ९, अंक ६ ।

खनाल, मधु विलास र धिताल, प्रेमनारायण तथा अन्य (२०५७), *कक्षा कोठामा मनोविज्ञान,* काठमाडौं : न्यू हिरा बुक्स इन्टर प्राइजेज ।

खनाल, पेशल (२०६१), *शैक्षिक अनुसंधान पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन र वितरण ।

जबरा, स्वयंप्रकाश र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), *पाठ्यक्रम योजना र अभ्यास,* भोटाहिटि काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र (२०६३), *अपाङ्ग आवाज,* काठमाडौं, राष्ट्रिय मासिक वर्ष ६, अंक ९ ।

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र (२०५९), *अपाङ्ग आवाज,* काठमाडौं, राष्ट्रिय मासिक वर्ष २, अंक २ ।

नेपाल सरकार, *नेपालको अन्तरिम संविधान (२०६३),* काठमाडौं ।

नेपाल राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघ (२०६२), *हामी बहिरा विशेषाङ्क,* धोविधारा, काठमाडौं ।

बर्नर, डेविड (२०४९), *अपाङ्ग बालबालिका,* काठमाडौं : युनिसेफ नेपाल, स्वास्थ्य शिक्षा सामग्री केन्द्र ।

मेची बहिरा संघ (२०६०), *मौन अभिव्यक्ति,* चारपाने, झापा ।

युनेस्को (२०६२), *समाहित शिक्षा र बालमैत्री विद्यालय,* भक्तपूर : समाहित शिक्षा शाखा, सानोठिमी ।

राष्ट्रिय अपाङ्ग महासंघ (२०६२), *सृजना,* मुखपत्र, भृकुटीमण्डप, काठमाडौं ।

राष्ट्रिय बहिरा तथा सुस्त श्रवण संघ (२०५४), *इशारा आवाज,* काठमाडौं, राष्ट्रिय त्रैमासिक, वर्ष ४, अंक ६ ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल (२०६२), *अपाङ्गता विषयमा बनेका ऐन, नियम, नीति, निर्देशन र अन्तर्राष्ट्रिय घोषणापत्रहरूको संग्रह,* काठमाडौं ।

शर्मा, शिलु (२०६१), *नेपाली सांकेतिक भाषाको उद्‌भव, विकास र स्वरूप,* त्रिपुरेश्वर, काडमाडौं : रूपकस्मृति प्रतिष्ठान ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६०), *विशेष शिक्षा सञ्चालन सम्बन्धी निर्देशिका,* काठमाडौं ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६०), *विशेष शिक्षा सूचनामूलक पुस्तिका,* काठमाडौं ।

सांकेतिक भाषा दोभाषे केन्द्र नेपाल (२०६३), *स्मारिका,* काठमाडौं ।